# कार्यक्रम सञ्चालन निर्देशिका

## आ.व. २०७४/७५

## क्षेत्र तथा जिल्लास्तर














Early Warning and Reporting System (EWARS)
Weekly Bulletin
(29th Epidemiological Week)
30 July 2017


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
टेकु, काठमाण्डौ

Blank
नेपाल सरकार
स्वास्थ्य तथा मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
टेकु, काठमाण्डौं
फोन नं ४२६१७१२
फ्याक्स :४२६२०३८

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

पत्र संख्या :
च. नं. :

मिति :

**मन्तव्य**

बदलिदो परिस्थितिमा मुलुकका सबै जनताहरुलाई सहज र सर्वसुलभ ढंगले गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा पुऱ्याउने उद्धेश्यका साथ यस विभाग अन्तर्गतका विभिन्न महाशाखा तथा केन्द्रहरु मार्फत स्वास्थ्य सम्बन्धि बिभिन्न कार्यक्रमहरु सम्पादन गर्नको लागि निर्देशनात्मक तथा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आईरहेको छ। यसै सन्दर्भमा प्रचलित ऐन-कानुन तथा नीति-नियमहरु/कार्यविधिहरुको परिधिभित्र रहेर यस बिभागले विभिन्न निर्देशिकाहरु तयार गर्दै आईरहेको छ।

यसै सन्दर्भमा, स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले हालसम्म जिल्ला तथा क्षेत्रीय स्तरमा सम्पादन हुने स्वास्थ्य कार्यक्रमको नियमित र प्रभावकारी कार्यान्वयन गराउने उद्धेश्यका साथ कार्यक्रम सञ्चालन निर्देशिका प्रकाशन गरेको छ। यस निर्देशिकाले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गतका कार्यक्रमहरु सफलतापूर्वक समयमै सम्पन्न हुनेछन् भन्ने विश्वास लिएको छु।

अन्तमा, यस निर्देशिका तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. भीम आचार्य तथा वहाँको टिमलाई धन्यवाद दिन चाहन्छु।

.....................................
डा. राजेन्द्र पन्त
महानिर्देशक

महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
टेकु, काठमाडौं

फोन नं ४२५५७९६
फ्याक्स :४२६२२६८

पत्र संख्या :
च. नं. :

मिति :

नेपाल सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा स्थापित गरेको भएतापनि बदलिंदो जीवनशैली, खानपिन, प्रतिकूल वातावरणिय अवस्था जस्ता कारणहरुले गर्दा सदियौं देखिका स्वास्थ्य समस्याहरुको अतिरिक्त emerging, re-emerging र newly emerging diseases को ब्यवस्थापन ठुलो चुनौतीको रुपमा देखिएको छ।

यसै सम्बन्धमा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले चालु आ.व.२०७४/२०७५ को स्वीकृत बजेट तथा कार्यक्रमहरु अन्तर्गतका क्रियाकलापहरुलाई जिल्ला तथा क्षेत्रीय स्तरमा प्रभावकारी रुपले समयमै सम्पन्न गर्ने उद्देश्यका साथ यस कार्यक्रम सञ्चालन निर्देशिका तयार पारिएको छ।

यो निर्देशिका जिल्ला तथा क्षेत्रीय स्तरमा सञ्चालन गरिने कार्यक्रमहरुलाई सरल, सहज र सफलतापूर्वक सम्पन्न गरि गुणस्तरीय स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउने अभियानमा सहयोगी हुने अपेक्षा गरिएको छ।

विनियोजित बजेटबाट उल्लिखित कार्यक्रमहरु तोकिएको समयमा, छुट्टाइएको बजेटभित्र खर्च गरि, तोकिएको ढाँचामा तयार गरिएको प्रगति प्रतिवेदन प्रेषित गर्नको लागि यो निर्देशिका उपयोगी हुने विश्वास लिदै आगामी दिनमा यसलाई अझै प्रभावकारी बनाउनको लागि सम्बद्ध सबै पक्षबाट सल्लाह र सुझावको अपेक्षा राखेको छु।

अन्तमा, यो निर्देशिका तयार पार्न योगदान पुऱ्याउनु हुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

..................................
डा. भीम आचार्य
निर्देशक

निर्देशक

# पृष्ठभूमी

नेपाल सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तरगतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट आर्थिक वर्ष २०७४/७५ मा सञ्चालन हुने विभिन्न कार्यक्रम, अध्ययन तथा अनुसन्धानलाई बैज्ञानिक र व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्य लिई यस निर्देशिका तयार गरिएको हो ।

यस निर्देशिकाले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट क्षेत्रिय तथा जिल्लास्तरमा सञ्चालन हुने इपिडिमियोलोजी, योजना, सर्भिलेन्स तथा अनुसन्धान, प्राकृतिक प्रकोप व्यवस्थापन, इन्टोमोलोजी, रोग नियन्त्रण, जुनोसिस, हात्तीपाइले रोग निवारण,सम्वन्धि कार्यक्रमहरुलाई व्यवस्थित तथा आर्थिक पारदर्शी रुपमा सञ्चालन गर्न मद्धत पुग्नेछ ।

## बजेट खर्चसम्बन्धि नेपाल सरकारका आधार र मापदण्डहरु

एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम (इपिडिमियोलोजी, औलो,कालाजार नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन) को आ.व. २०७४/७५ जिल्लास्तरको स्विकृत कार्यक्रम मा रहेका क्रियाकलापहरु ब्यवस्थित तथा पारादर्शी रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनु यस निर्देशिकाको मुख्य उद्देश्य हो । कार्यक्रम सञ्चालन गर्दा यस निर्देशिकाको प्रयोगको साथै निम्न कुराहरुलाई ध्यान दिनुपर्छ ।

१) चालु र पूजिगत अन्तरगतका क्रियाकलापहरु सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४ र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७०, भ्रमणखर्च नियमावली २०६४ को (चौथो संसोधन २०७२) मा उल्लेखित खर्च सम्वन्धि नर्म्स/मापदण्डको परिधी भित्र रही खर्च गर्नु पर्नेछ ।

२) कीटजन्य रोग नियन्त्रणकार्यक्रम संचालनको जिम्मेवारी भेक्टर कन्ट्रोल निरिक्षक/भेक्टर कन्ट्रोल सुपरभाइजरको हुनेछ । अन्य कार्यकम संचालनको जिम्मेवारी RRT रिपोर्टिङ्ग फोकल पर्सनको हुनेछ ।

३) EWARS सेन्टिनेल साईट कायम भएका अस्पतालहरुमा EWARS सम्वन्धि कार्यक्रमको फोकल पर्सन मेडिकल रेकर्डर हुनेछ ।

४) कार्यक्रम संचालन गर्दा वार्षिक कार्यक्रम र वजेट अख्तियारी प्राप्त भएपछि जिल्ला जनस्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालय आफैले वजेटको परिधि भित्र रही तल दिइएको कार्यक्रम संचालन निर्देशिका वमोजिम प्रत्येक कार्यक्रमको अनुमानित लागत/खर्च योजना/बाँडफाँड तयार गरी स्विकृत गराई खर्च गर्नु पर्नेछ ।

**तालिका १ : जिल्लास्तरमा कार्यक्रम सञ्चालन गर्दा गर्न सकिने खर्च विवरण (अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ बमोजिम)**

| प्रयोजन | एकाई | दर | |
|---|---|---|---|
| | | जिल्ला स्तर | समुदाय स्तर |
| कार्यक्रम प्रस्तोता | प्रति व्यक्ति | ६००।०० | ५००।०० |
| प्रशिक्षक | प्रति व्यक्ति | ७००।०० | ६००।०० |
| प्रशिक्षक (वाहय)* | प्रति कार्यपत्र | १५००।०० | १०००।०० |
| खाजा | प्रति सहभागी | २००।०० | २००।०० |
| कार्यक्रम संयोजक | प्रति व्यक्ति | ४००।०० | ३००।०० |
| मसलन्द सहभागी(स्टेशनरी) | प्रति सहभागी | १००।०० | ५०।०० |
| मसलन्द प्रति कार्यक्रम | प्रति व्याच | २५००।०० | १०००।०० |
| सहयोगी भत्ता | प्रति व्यक्ति | १५०।०० | १५०।०० |
| म.स्वा.स्वं.से./स्वयं से. | प्रति व्यक्ति यातायात खर्च | ४००।०० | अभियानमा परिचालन |
| | | २००।०० | गोष्ठी, तालिम |
| विविध | प्रति व्याच | १०००।०० | ५००।०० |
| हल भाडा | प्रति दिन | प्रचलित वजार दर | प्रचलित वजार दर |
| दैनिक भ्रमण भत्ता | नेपाल सरकारको नियमानूसार | | |

*** वाह्य प्रशिक्षक भन्नाले नेपाल सरकार वा वाह्य अन्य निकायमा कार्यरत सम्वन्धित क्षेत्रका विषय विज्ञ व्यक्ति सम्झनु पर्दछ । स्वास्थ्य क्षेत्रमा सम्वन्धित विषयमा विशेषज्ञता हाँसिल गरेको स्थानिय स्वास्थ्य संस्था भन्दा वाहिरको वा अन्य निकायको विषय विज्ञलाई समेत वाह्य प्रशिक्षक मान्न सकिन्छ ।**

## बिषय सुची


1. *इवार्सलागु भएका सेन्टीनेल साईटहरुकोलागी ईनफरमेशन रिपोर्टिंगकोलागी ल्यापटप* *1*
2. *जिल्ला तथा क्षेत्रका प्रकोपजन्य रोग हेर्ने फोकल पर्सनको लागी ल्यापटप खरिद* *1*
3. *अन्तरास्ट्रिय स्वास्थ्य विनियम (IHR) अन्तर्गत रसुवागढी, काकडभित्ता, रानी, बिरगंज, भैरहवा, नेपालगंज, पशुपतिनगर र गड्डाचौकी भन्सारमा हेल्थ डेस्क स्थापना* *2*
4. *इवार्स सेन्टिनेल साइटहरुकालागि कार्य संचालन तथा अन्य खर्च* *2*
5. *सिकल सेल एनिमियाको उपचार तथा व्यवस्थापन* *3*
6. *पब्लिक, प्राइभेट सेक्टरका EWARS Sentinel Sites मा कार्यरत (पारामेडिकल र मेडिकल प्राक्टीशनर) हरुलाई प्रकोप जन्य रोगहरुको वारेमा अभिमुखिकरण* *3*
7. *७५ वटै जिल्लामा जिल्ला RRT को चैमाशिक बैठक नियमित सञ्चालन गर्ने तथा प्रकोपको अवस्थामा बहुनिकाय समन्वय कार्यक्रम गर्ने* *5*
8. *जिल्ला स्थित RRT/CRRT को चौमशिक रिभ्यु तथा महामारिजन्य रोगहरुको अभिमुखीकरण गर्ने* *5*
9. *बिपद तथा महामारी/प्रकोपजन्य अवस्थामा सो कार्यमा संलग्र सम्बन्धित कर्मचारीलाई संचारको लागि खर्च* *6*
10. *जिल्लाहरूमा नियमित रूपमा खानेपानी गुणस्तर निगरानि गर्ने* *6*
11. *जिल्लाहरूमा खानेपानी गुणस्तर निगरानिगर्न पानी जांच गर्ने मेसिन demonstration* *7*
12. *कालाजार, औलो, हत्तिपाइले लगायत अन्य निवारण उन्मुख रोगहरुको अनलाइन रिपोर्टिंग सम्बन्धि अभिमुखीकरण* *8*
13. *जिल्लाहरूमा नियमित रूपमा खानेपानी गुणस्तर निगरानि सम्बन्धि स्वास्थ्य, जिल्ला खानेपानी र अन्य सरोकारवालाहरुको समन्वय बैठक* *8*

14. *क्षेत्रिय मेडिकल स्टोरमा प्रकोपजन्य रोगहरु सम्बन्धि औषधि ढुवानी गर्ने* **9**

15. *रसुवा गढी, काकडभित्ता, रानी, बिरगंज, भैरहवा,नेपालगंज, पशुपति नगर र गड्डा चौकी भन्सारमा हेल्थ डेस्क स्थापना गर्ने अस्थाइ कार्यालयको व्यवस्था गरि अन्तरास्ट्रिय स्वास्थ्य विनियम कार्यन्वयन गर्ने* **9**

16. *इन्ट्रिगेटेड डिजिज सर्भिलेन्स अन्तर्गत महामारीजन्य रोगको द्रूत सूचना प्रवाह गर्ने कार्यक्रमहरु* **10**

17. *सिकल सेल एनिमिया र थालेसिमिया रोग को बारेमा समस्या ग्रस्त २४ जिल्ला मा कार्यरत स्वास्थ्य कर्मी (मे. अ., हे. अ.,स्टाफ नर्स, अ.हे. व, अ.न.मि.टेक्निसियन, र ल्याब असिस्टेन्ट) हरुलाई २ दिनको अभिमुखीकरण* **10**

18. *अस्पतालमा अपतकालीन पुर्व तयारी योजना कार्यशाला गोष्ठी* **11**

19. *जिल्ला स्तरमा हुन सक्ने महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने* **12**

20. *औलो निवारण कार्यको लागी आवश्यक विभिन्न औषधि तथा झुल जिल्लाबाट विभिन्न स्वास्थ्य संस्थाहरुमा आपुर्ति व्यवस्थापन गर्ने* **12**

21. *उच्च र मध्यम खालको औलो प्रभावित गा.वि.स.हरुमा विशेष औलो रोगी खोजी अभियान संचालन गर्ने तथा जनचेतनाको लागि कीटजन्य रोग सम्वन्धि स्टल राख्ने* **13**

22. *वार्षिक रूपमा जिल्ला स्तरमा औलो सम्वन्धी डाटाहरू अध्यावधीक गर्ने* **14**

23. *कीटजन्य रोगहरू औलो, कालाजार, डेंगु, हात्तीपाईले, जे.इ, जीका, स्क्रब टाईफस सार्ने भेक्टरहरूको एकिकृत सर्भिलेन्स / औलो, कालाजार, डेंगु, हात्तीपाईले, जे.इ., जीका लगायतका कीटजन्य रोगहरू सार्ने भेक्टरहरूको एकिकृत सर्भिलेन्स* **16**

24. *जिल्ला तथा क्षेत्रीय स्तरमा विश्व औलो दिवस मनाउने* **16**

25. *औलो सम्वन्धी वार्षिक क्षेत्रीय स्तरमा समिक्ष वैठक संचालन गर्ने* **17**

26. *औलो निवारणमा सहयोग पाउनको लागि क्षेत्रिय स्तरमा बहूसंस्थागत वैठक गर्ने* **18**

27. *समुदायमा औलो केशवेस सर्भीलेन्सवारे जिल्लाहरूमा जानकारी दिने* **19**

28. *समुदायमा औलो केशवेस सर्भीलेन्सवारे म.स्वा.स्व.से.हरुबाट समाजमा आमा समुहको मिटिंग तथा सामाजिक परिचालन क्रियाकलापहरु गर्ने* **20**

29. *नीजी क्षेत्रमा कार्यरत स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाइ औलो सम्वन्धी जानकारी दीने* **21**

30. *औलो नियन्त्रणको लागी विभिन्न वातावरणीय उपायहरु गर्ने* **22**

31. *औलो माहामारी हुने औलो ग्रसीत क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत)* **23**

32. *औलो रोग ग्रसित क्षेत्रहरुमा शंकास्पद औलो रोगी पत्ता लगाई नमुना संकलन गरी उपचार तथा केशको निगरानी गर्ने* **25**

33. *किटनाशक विषादि छिड्काउ पम्प मर्मत सम्भार गर्ने* **26**

34. *डेंगु नियन्त्रण गर्न नगरपालिकाहरु समेतमा लामखुट्टेको वास स्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने तथा ओरिएन्टेसन गर्ने / डेंगु तथा चिकनगुनिया ज्वरो सम्वन्धि ओरिएन्टेसन कार्यक्रम तथा लामखुट्टेको बासस्थान खोजि गरि लार्भा नस्ट गर्ने अभियान* **26**

35. *औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई अधारभुत औलो माइक्रोस्कोपीक ३० दिने तालीम दिने* **27**

36. *औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई पुनर्ताजगी औलो माइक्रोस्कोपीक १५ दिने तालीम दिने* **28**

37. *औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई अधारभुत औलो माइक्रोस्कोपीक ३० दिने तालीम दिने* **29**

38. *औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई पुनर्ताजगी औलो माइक्रोस्कोपीक १५ दिने तालीम दिने* **29**

39. *औलो नियन्त्रण कार्यको लागी आवश्यक विभिन्न सामानहरु (प्रयोगशालालाई तथा औलो फाँटको लागी आवश्यक अन्य सामानहरु) खरीद गर्ने* **29**

40. *विश्व औलो नियन्त्रण दिवस मनाउने तथा औलो नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया* **30**

41. *औलो नियन्त्रण कार्यक्रमको सुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन* **30**

42. *जिल्ला तथा क्षेत्रका कर्मचारीहरुले औलो निवारण कार्यको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने* **31**

43. *कालाजार, डेंगू, चिकनगुनया, स्क्रब टाइफस, जीका र अन्य किटजन्य रोग नियन्त्रणबारे स्वास्थ्यकर्मी, म.स्वा.से. तथा अन्य सरोकारवालालाई अभिमूखिकरण/अन्तरक्रिया* **32**

44. *कालाजार माहामारी हुने क्षेत्रमा बिषादि छर्कने खर्च* **32**

45. *कालाजार बाहुल्य भएका जिल्लामा क्याम्प सन्चालन गरि खोजपडताल गर्ने* **33**

46. *कालाजार प्रभावित जिल्लाका जनस्वास्थ्य कार्यालय र अस्पतालको विचमा मासिक सम्वन्वय गरि कालाजार बिरामीको डाटाबेस तयार गरि केन्द्र मा उपलब्ध गराउने* **34**

47. *कालाजारका रोगीको उपचार तथा केश बेश सर्भिलेन्स / कालाजरका रोगी भेटिएका नयां जिल्लाहरुमा केसको निगरानि तथा सकृय निदान गर्ने* **34**

48. *कालाजार विरामीहरुको विभिन्न परिक्षण गर्ने (प्रति केश रू. ५००० सम्म)* **35**

49. *जिल्लाका कालाजार रोगीहरुलाई उपचारका लागि अस्पताल सम्म आउने यातायात खर्च अनुदान (प्रति केश रू १०००)* **36**

50. *महामारी/प्रकोपजन्य अवस्थामा आबश्यक पर्ने औषधि तथा औषधि जन्य सामग्री खरिद गरि स्टक पाइलिंग गर्ने / महामारी/विपद ब्यबस्थापनकालागि आबश्यक पर्ने औषधि तथा उपकरण/औजार लगायतका सामग्री खरिद गरि सम्बन्धित ठाउँमा पठाउने* **37**

51. *विभिन्न अस्पतालहरुमा हाइड्रोसिल बिरामीहरुको अप्रेशन गर्ने* **37**

52. *हात्तीपाइले इन्डेमिक जिल्लामा मोर्वीडिटी म्यापिं गर्ने* **40**

53. *हात्ती पाइलेको औषधि खुवाउने कार्य प्रचार प्रसारका लागि पत्रकार र स्थानीय तहमा अन्तरक्रिया, माइकिङ र स्कुल शिक्षा कार्यक्रम* **42**

54. *हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए.) को समीक्षा तथा योजना गोष्ठी* **46**

55. *हात्ती पाइले रोगका विरामीहरूलाई वासकिट वितरण* **48**

56. *विभिन्न अस्पतालहरुमा हाइड्रोसिल बिरामीहरुको अप्रेशन गर्ने* **48**

57. *हात्ती पाइले रोग निवारण कार्यक्रमको औषधि सेवनबाट गम्भीर असर देखिएका तथा हाइड्रोसिल अप्रेशनको जटिलता देखिएकाको उपचार गर्ने* **48**

58. *हात्ती पाइले विरुद्धको औषधि खान योग्य सबै व्यक्तिहरुलाई औषधि खुवाउने (एम. डी. ए.) र औषधि सेवनबारे परामर्श सेवा दिने* **51**

59. *औशधी तथा अन्य सामग्री जिल्लाबाट गा. बि. स. सम्म ढुवानी गर्न स्वयम सेबकको लागी झोला तथा ब्यानर बनाउने र समन्वय समितिको बैठक गर्ने र प्रोफाइल तयार गर्ने* **53**

60. *हात्ती पाइले बिरुद्धको आम औषधी सेवान अभियानको प्रचार प्रसार गर्ने* **54**

61. *हात्ती पाइले रोग बिरुद्दको औषधी खुवाउने अभियान कार्यक्रमको सुपरिबेक्षण तथा अनुगमन गर्ने* **55**

62. *जिल्ला स्तर मा आवस्यक छपाइ कार्य गर्ने* **56**

63. *अस्पताल हरुमा हात्ती पाइले सभिलेन्स कार्यका लागी रक्त नमुना सन्कलन तथा जाच कार्य गर्ने* **57**

64. ***अनुसुची – १ : Laptop Specification*** **58**

65. ***अनुसुची – २ : Health Facility Monitoring Checklist*** **59**

66. ***अनुसुची – ३ : Reporting Formats*** **62**

## १ इवार्सलागु भएका सेन्टीनेल साईटहरुकोलागी ईनफरमेशन रिपोर्टिंगकोलागी ल्यापटप

**कार्यक्रमको उदेश्यः** सेन्टिनेल साईटमा श्रोत तथा साधन उपलब्ध गराई रिर्पोटिङ्ग नियमित गराउने ।

**अपेक्षित प्रतिफलः** ल्यापटपको प्रयोग गरि मेडिकल रेकर्डरहरु मार्फत समयमै EWARS तथा अन्य महामारी सम्वन्धि विद्युतिय तथ्यांक प्राप्त हुने ।

**कार्यक्रमको विवरण**: आ.व. २०७४।७५ मा यस महाशाखाले सञ्चालन गरिरहेको EWARS को सेन्टिनेल साईटहरु विस्तार गर्ने कार्यक्रम अन्तरगत सेन्टिनेल साईटहरुलाई तोकिएका रोगका बिरामीहरुको तथ्यांक विद्युतिय माध्यमबाट समयमै यस महाशाखामा उपलब्ध गराउन अस्पतालका मेडिकल रेकर्डरहरुको लागि ल्यापटप कम्प्युटर खरिद गर्न वजेटको व्यवस्था गरिएको छ ।

**कार्यन्वयन प्रक्रियाः** नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार अनुसुची १ मा दिईएको Specification बमोजिमको ल्यापटप कम्प्युटर खरिद गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदनः** नियमानुसार गर्ने ।

## २ जिल्ला तथा क्षेत्रका प्रकोपजन्य रोग हेर्ने फोकल पर्सनको लागी ल्यापटप खरिद

**कार्यक्रमको उदेश्यः** जिल्ला तथा क्षेत्रका प्रकोपजन्य रोग हेर्ने फोकल पर्सनहरु लाइ श्रोत साधन उपलव्ध गराउने ।

**अपेक्षित प्रतिफलः** ल्यापटपको प्रयोग गरि तथ्यांक अभिलेख, विश्लेशण तथा रिपोर्टिङ गर्न तथा अन्य कार्यमा प्रभावकारीता हुने र सहज हुने ।

**कार्यक्रमको विवरण**: आ.व. २०७४।७५ मा यस महाशाखा अन्तरगत रहेको रोगहरुको प्रकोप तथा महामारी व्यवस्थापन कार्यमा संलग्न कर्मचारी र स्वास्थ्यकर्मी हरुको दैनिक कार्य संचालन तथा प्रकोप सम्वन्धि सुचना तथा तथ्यांकहरु अभिलेख, विश्लेषण तथा रिर्पोटिङ कार्य नियमित रुपमा गर्नु पर्ने भएकोले सोहि कार्यमा संलग्न कर्मचारीहरुको लागि ल्यापटप कम्प्युटर खरिद गर्न

वजेटको व्यवस्था गरिएको छ ।

**कार्यन्वयन प्रक्रिया:** नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार अनुसुची १ मा दिईएको Specification बमोजिमको ल्यापटप कम्प्युटर खरिद गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदन:** नियमानुसार गर्ने ।

## ३ अन्तरास्ट्रिय स्वास्थ्य विनियम ( IHR) अन्तर्गत रसुवागढी , काकडभित्ता, रानी, बिरगंज, भैरहवा, नेपालगंज, पशुपतिनगर र गड्डाचौकी भन्सारमा हेल्थ डेस्क स्थापना

भारत तथा चिन् संग सिमाना जोडिएका जिल्लाहरुका मुख्य भन्सार नाकाहरुमा अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम अन्तर्गत Health Desk स्थापना गरि अन्तरदेशीय रुपमा फैलन सक्ने सरुवारोगका बिरामीहरुको पहिचान गरि निगरानी गर्ने उद्धेश्यले Health Desk को स्थापना गरि कार्यालय संचालन खर्च , स्वास्थ्यकर्मी परिचालन खर्च तथा अन्य खर्चहरु समेत यस अन्तर्गत पर्ने छ ।

## ४ इवार्स सेन्टिनेल साइटहरुकालागि कार्य संचालन तथा अन्य खर्च

**कार्यक्रमको उदेश्य:** Early Warning and Reporting System (EWARS) सेन्टिनेल साईटहरुको क्षमता अभिवृद्दि गर्ने ।

**अपेक्षित प्रतिफल:** EWARS सेन्टिनेल साईटहरुमा श्रोत साधनको उपलव्धता भई मेडिकल रेकर्डरहरु मार्फत EWARS तथा अन्य महामारी सम्वन्धि तथ्यांक समयमै प्राप्त हुने ।

**कार्यक्रमको विवरण:** EWARS सेन्टिनल साइट कायम भएका अस्पतालहरुमा रिपोर्टिङ्ग कार्यमा प्रयोग हुने गतिविधीहरु तथा अन्य विभिन्न सामान तथा सेवा हरुको सुदृढिकरण गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । यस शिर्षकबाट विषेशत अस्पतालको रेकर्ड शाखालाई सुदृढ गर्न र मेडिकल रेकर्डिङ कार्यलाई व्यवस्थित गर्नको लागि खर्च गर्नु पर्नेछ ।

**कार्यान्वयन प्रक्रिया:** यो कार्यक्रम सञ्चालनको सम्पूर्ण जिम्मेवारी मेडिकल रेकर्डर/अधिकृतको हुनेछ । यसको लागि जिम्मेवार व्यक्तिले सेन्टिनेल साईटको

आवश्यकता पहिचान तथा ढाँचा तयार गरि कार्यालय प्रमुख तथा लेखा शाखाको परामर्श अनुसार इन्टरनेट अपडेट गर्न, युएसबी मोडेम तथा सिम खरिद, डाटाकार्ड रिचार्ज गर्न, कम्प्युटर मर्मत गर्न, प्रिन्टर खरीद तथा मर्मत गर्न, रिपोर्टिङ्ग कार्यमा आवश्यक पर्ने अन्य सामान खरीद तथा मर्मत गर्न यो रकम खर्च गर्न सकिनेछ । यो शिर्षकको रकम जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय मार्फत पठाइएको अवस्थामा उक्त रकम तहाँवाट EWARS सेन्टिनल साइट कायम भएका सोही जिल्लाका सेन्टिनेल साईट (अस्पताल) लाई उपलव्ध गराउनु पर्नेछ । चरिकोट प्रा.स्वा.के. को हकमा जिल्ला स्वास्थ्य कार्यालय दोलखा, आम्दा अस्पताल, दमकको हकमा मेचि अञ्चल अस्पताल, झापा र पाल्पा मिसन अस्पतालको हकमा जिल्ला जनस्वास्थ्य कार्यालय, पाल्पाबाट रकम उपलव्ध गराउनु पर्नेछ ।

साथै केन्द्र तथा अन्य सेन्टिनेल साइटमा सुचना प्रवाहका लागि प्रति महिना रु. ३०० का दरले मेडिकल रेकर्डरका लागि मोवाईल रिचार्ज स्वरुप यो शिर्षकबाट खर्च गर्न सकिने छ ।

**अभिलेख तथा प्रतिवेदन:** नेपाल सरकारको नियम अनुसार कार्यक्रम सम्पन्न भई सके पछि सम्वन्धित निकायमा अनिबार्य रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ५ सिकल सेल एनिमियाको उपचार तथा व्यवस्थापन

पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा सुदुरपश्चिमाञ्चलका जिल्लाहरुमा संकास्पद सिकल सेल तथा थाइलोसेमियाका विरामीहरुको रोगको निदान, प्रयोगशाला यकिन, उपचार, रोकथाम, व्यवस्थापन तथा Screening test मा पनि खर्च (जिल्ला जनस्वास्थ्य कार्यालय, बाँके तथा भेरि अञ्चल अस्पतालको संयुक्त पहलमा) सिकल सेल उपचार केन्द्र स्थापना गर्नको लागि यो शिर्षकबाट खर्च गर्न सकिने छ ।

## ६ पब्लिक, प्राइभेट सेक्टरका EWARS Sentinel Sites मा कार्यरत (पारामेडिकल र मेडिकल प्राक्टीशनर) हरुलाई प्रकोप जन्य रोगहरुको वारेमा अभिमुखिकरण

**कार्यक्रमको उदेश्य:** विभिन्न संक्रामक रोगहरुबारे चिकित्सक तथा

स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण गर्ने ।

**अपेक्षित प्रतिफलः** यो कार्यक्रम सञ्चालन पश्चात पब्लिक, प्राईभेट अस्पताल, सामुदायिक अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरुको रिपोर्टिङ्गको महत्वबारे सचेत भई रिपोर्टिङ्ग गर्न सक्नेछन् ।

**कार्यक्रमको विवरणः** पब्लिक, प्राईभेट अस्पताल, सामुदायिक अस्पतालका चिकित्सक, ल्याव तथा स्वास्थ्यकर्मीहरु यस अभिमुखिकरणमा सहभागी हुनेछन । एक समुहमा करिव ३०-३५ जना सम्म सहभागी गराउन सकिनेछ । प्रशिक्षकको रुपमा जिल्ला जन/स्वास्थ्य प्रमुख तथा सम्वन्धित विषयका फाँट प्रमुखहरु ३ देखि ४ जना सम्म हुनेछन । साथै कार्यक्रम संचालनको लागि लेखा, प्रशासन तथा कार्यालय सहयोगीहरु परिचालन गर्न सकिनेछ । यस अभिमुखिकरण/अन्तरकृया कार्यक्रम १ दिनको हुनेछ । यस कार्यक्रममा कम्तिमा निम्न अनुसारका विषयबस्तु समावेश गर्नु पर्नेछ ।

- Objectives of orientation
- Overview of EWARS and importance of timely reporting
- Principles of Disease Surveillance
- Outbreak Investigation
- Standard Case Definitions of reportable diseases
- Role of Laboratory in case detection

**कार्यन्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरि कार्यलय प्रमुखबाट प्रमाणित गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । समय तय गरि समयमै सहभागी तथा प्रशिक्षकहरुसँग पत्राचार गर्ने तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ । कार्यक्रम गर्ने स्थानको हकमा सेन्टिनेल साइटमै कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

**अभिलेख तथा प्रतिवेदनः** कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रगति विवरण सम्वन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## ७ ७५ वटै जिल्लामा जिल्ला RRT को चैमाशिक बैठक नियमित सञ्चालन गर्ने तथा प्रकोपको अवस्थामा बहुनिकाय समन्वय कार्यक्रम गर्ने

जिल्लामा विगतका दिनहरुमा देखिएको सरुवा रोगको प्रकोप र हाल देखिएको सरुवा रोगहरुको प्रकोप/विपद व्यवस्थापनमा भए गरेका कार्यहरुबारे छलफल गरि पूर्व तयारी कार्ययोजना वनाउन जिल्ला तथा समुदायमा अवस्थीत RRT का सदस्यहरुको प्रतिनिधित्व गराई चौमासिक समीक्षा गोष्ठी संचालन गर्नुपर्नेछ । यस गोष्ठीको संचालनबाट आगामी दिनमा हुनसक्ने सरुवा रोगहरुको प्रकोप /विपद व्यवस्थापनको योजना तयार गर्न सघाउ पुऱ्याउनेछ । यस कार्यक्रममा २०– २५ सहभागि गराउन सकिनेछ ।

प्रकोप तथा विपदको अवस्थामा जिल्ला स्थित जिल्ला समन्वय समिति , महानगरपालीका/उपमहानगरपालीका/नगरपालीका/गाउँपालीका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय , नेपाली सेना, सशस्त्र प्रहरी कार्यालय , महिला बिकाश, नेपाल रेडक्रस, जिल्ला खानेपानी तथा सरसफाई कार्यालय, जिल्ला शिक्षा कार्यालय तथा स्वास्थ्य क्षेत्रमा कार्यरत अन्य सरोकारवाला निकायहरुक ा प्रमुख तथा प्रतिनिधिहरु को सहभागी ता गराई प्रकोप तथा विपदको प्रभावकारी व्यवस्थापनको लागि बहुनिकाय समन्वयनात्मक अन्तरक्रिर्या कार्यक्रम संचालन गर्नुपर्नेछ । यस कार्यक्रममा ३०– ४० सहभागि गराउन सकिनेछ ।

## ८ जिल्ला स्थित RRT/CRRT को चौमशिक रिभ्यु तथा महामारिजन्य रोगहरुको अभिमुखीकरण गर्ने

महामारी जन्य रोगको प्रकोपको अवस्थामा तथाप्रकोप ब्यबस्थापनको लागि पूर्व तयारी सम्बन्धमा भए गरेका कार्यहरुको समिक्षा तथा सम्भावित प्रकोप ब्यबस्थापन का लागि पूर्व तयारी कार्य गर्नको लागि जिल्ला RRT, समुदाय स्तरको RRT sf सदस्यहरुलाई सहभागी गराई चौमासिक समिक्षा बैठक तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

प्रत्येक चौमासिक बैठक तथा अभिमुखिकरण कार्यक्रममा २५-३० जना सम्म सहभागी हुन सक्ने छन् . जिल्ला भित्रको Risk Analysis को आधारमा प्रकोपको सम्भावित

जोखिम भएका क्षेत्रहरुका RRT सदस्यहरुलाइ मात्र समिक्षा बैठकमा सहभागी गराउनुपर्ने छ . सहभागी संख्या धेरै भई विनियोजित बजेटले नपुग भएमा नियमित अन्य कार्यक्रमसंग जोडेर कार्यक्रम संचालन गर्न सकिने छ ।

## ९ बिपद तथा महामारी/प्रकोपजन्य अवस्थामा सो कार्यमा संलग्न सम्बन्धित कर्मचारीलाई संचारको लागि खर्च

महामारी/प्रकोपको अवस्थामा माथिल्लो तथा संवद्ध निकायमा सुचना प्रवाह तथा रिर्पोटिङ गर्नुपर्ने हुन्छ । सो कार्यमा जिल्ला स्वास्थ्य/जन स्वास्थ्य प्रमुख र RRT फोकल पर्सन जिम्मेवार व्यक्ति भएको हुनाले निजहरुलाई मोवाइल रिचार्ज गर्न यो रकम खर्च गर्न सकिनेछ । यसकालागि प्रति महिना बढिमा रु ६०० रुपैया सम्म खर्च गर्न सकिनेछ ।

## १० जिल्लाहरूमा नियमित रूपमा खानेपानी गुणस्तर निगरानि गर्ने

**कार्यक्रमको उदेश्यः** देशका विभिन्न भागहरुमा प्रदुषित खाने पानीका कारणले देखा पर्ने पानीजन्य रोगहरुको (Water Borne Diseases) न्यूनिकरण गर्ने ।

**अपेक्षित प्रतिफलः** यो कार्यक्रम सम्पन्न पश्चात खानेपानीको गुणस्तर सम्वन्धि जनचेतनामा अभिबृद्धि हुन गई खानेपानीको गुणस्तर परिक्षण गर्ने बानीको बिकास हुनेछ र अन्ततः प्रदुषित खाने पानीका कारणले देखा पर्ने पानीजन्य रोगहरुमा कमि आउनेछ ।

**कार्यक्रमको विवरणः** जिल्लामा खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका जिल्ला स्तरिय डिभिजन / सवडिभिजन कार्यालय र सम्वद्ध अन्य निकायहरुबाट खानेपानी सुरक्षा योजना (Water Safety Plan) लागू भएका समुदायमा खानेपानी सुरक्षा योजनाको लेखाजोखा (Audit) गरेर अथवा प्रत्यक्ष वा अप्रत्यक्ष मुल्यांकन गरेर सुरक्षित खानेपानीको एकिन गर्ने । सुधार गर्नुपर्ने आवश्यकता देखिएमा सम्वन्धित निकायलाई जानकारी गराउने ।

**कार्यान्वयन प्रक्रियाः** जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले खानेपानी तथा सरसफाई डिभिजन/सव डिभिजन कार्यालयबाट WSP लागु भएका समुदायको विवरण प्राप्त गरि ती समुदायमा गएर माथि उल्लेखित विधि अनुसार खानेपानी गुणस्तरको सर्भिलेन्सको कार्य गर्नुपर्नेछ । यस कार्यमा नमुनाको गुणस्तर सुनिश्चितताको लागि

प्रयोगशालामा कार्यरत जनशक्तिको सहभागीता हुनुपर्नेछ । साथै सम्वन्धित समुदाय भित्र पर्ने स्थानिय स्वास्थ्य संस्थाहरुको सहयोग लिन सकिने छ । खानेपानी गुणस्तर निगरानी गर्ने विधि सम्वन्धि विस्तृत विवरण राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका २०७० मा उल्लेख गरिएको छ ।

**अभिलेख तथा प्रतिवेदनः** राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका २०७० मा दिईएको अनुसुची १, २ र ३ अनुसारको फाराम भरी अभिलेख तयार गर्नुपर्नेछ र सो को जानकारी सम्वन्धित खानेपानी उपभोक्ता समिति र खानेपानी तथा सरसफाई डिभिजन/सव डिभिजन कार्यालयलाई गराउनु पर्नेछ । यस सर्भिलेन्स कार्यको संक्षिप्त विवरण मेडिकल रेकर्डर मार्फत यस महाशाखामा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ ।

## ११ जिल्लाहरूमा खानेपानी गुणस्तर निगरानिगर्न पानी जांच गर्ने मेसिन demonstration

**कार्यक्रमको उदेश्यः** जिल्लामा खानेपानी जाँच गर्ने दक्ष जनशक्ति तयार गरि खानेपानी गुणस्तर निगरानी कार्य स्थापना तथा सुध्रिढिकरण गर्ने ।

**अपेक्षित प्रतिफलः** यो कार्यक्रम सम्पन्न पश्चात खानेपानीको गुणस्तर निगरानी मा आवश्यकता अनुसार पानीको नमुना परिक्षण स्थानीय स्तरमा सम्भव हुनेछ । साथै खानेपानी गुणस्तर निगरानी नियमित भई दुषित खाने पानीका कारणले देखा पर्ने पानीजन्य रोगहरुमा कमि आउनेछ ।

**कार्यक्रमको विवरणः** खानेपानी सुरक्षा योजना लागु भएका समुदायमा प्रत्यक्ष मुल्यांकन द्धारा खानेपानी निगरानी गर्ने र सुरक्षित पानीको यकिन गर्न केन्द्रबाट उपलव्ध आवश्यक मेसिन प्रयोग गरी खानेपानीको जाँच गर्न सक्षम जनशक्ति निर्माण गर्ने ।

**कार्यान्वयन प्रक्रियाः** क्षेत्रले यस कार्यक्रम सञ्चालन गर्दा केन्द्रसँग समन्वय गरि श्रोत व्यक्तिहरु व्यवस्था गर्नु पर्नेछ । केन्द्रको समन्वय र सक्रियतामा गुणस्तर जाँच गर्ने मेसिन जिल्लामा उपलव्ध गराउनु अगावै जस जसलाई मेसिन हस्तान्तरण गर्ने हो ती टेक्नीसियनहरुलाई तालीमको व्यवास्था मिलाउने ।

**अभिलेख तथा प्रतिवेदनः** कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रगति विवरण सम्वन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## १२ कालाजार, औलो, हत्तिपाइले लगायत अन्य निवारण उन्मुख रोगहरुको अनलाइन रिपोर्टिंग सम्बन्धि अभिमुखीकरण

**कार्यक्रमको उदेश्यः** कालाजार, औलो, हात्तिपाइले लगायतका निवारण उन्मुख **रोगहरुको तथ्यांक समयमै र निरन्तर रुपमा प्राप्त हुने ।**

**अपेक्षित प्रतिफलः** तोकिएका स्थानहरुबाट निवारण उन्मुख रोगहरु सम्वन्धि तथ्यांकहरु ढाँचा बमोजिम निरन्तर रुपमा प्राप्त हुनेछ । साथै प्राप्त तथ्यांकहरु तथ्यपरक हुनेछन ।

**कार्यक्रमको विवरणः** उल्लेखित रोग प्रभावित स्थानका स्वास्थ्य संस्थाहरुका चिकित्सक, स्वास्थ्य कमी तथा रेकर्डिङ कार्यमा संलग्न कर्मचारीहरु लाई अनलाइन रिपोर्टिङ टुल प्रयोग सम्वन्धि अभिमुखिकरण कार्यक्रम गर्ने ।

**कार्यान्वयन प्रक्रियाः** क्षेत्रले यस कार्यक्रम सञ्चालन गर्दा केन्द्र सँग समन्वय गरि श्रोत व्यक्तिहरु व्यवस्था गर्नु पर्नेछ ।

**अभिलेख तथा प्रतिवेदनः** कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रगति विवरण सम्वन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## १३ जिल्लाहरूमा नियमित रूपमा खानेपानी गुणस्तर निगरानि सम्बन्धि स्वास्थ्य, जिल्ला खानेपानी र अन्य सरोकारवालाहरुको समन्वय बैठक

**कार्यक्रमको उदेश्यः** जिल्लामा खानेपानी गुणस्तर निगरानी सम्वन्धि क्रियाकलापहरु प्रभावकारी हुने ।

**अपेक्षित प्रतिफलः** यो कार्यक्रम सम्पन्न पश्चात खानेपानीको गुणस्तर निगरानी मा विभिन्न नियकाहरुको भुमिका पहिचान हुने र ति निकायहरुले गरिरहेका क्रियाकलापहरु सम्वन्धि जानकारी प्राप्त हुने । आवश्यकता अनुसार खानेपानी गुणस्तर निगरानीको लागि कार्ययोजना तयार हुने ।

**कार्यक्रमको विवरणः** खानेपानी सुरक्षा योजना लागु भएका समुदायमा खानेपानी गुणस्तर निगरानी गर्ने विषयमा केन्द्रित रहेर सहभागी निकायहरुको भुमिका, क्रियाकलापहरुको बारेमा छलफल गर्ने र आगामी दिनहरुमा खानेपानी गुणस्तर निगरानी कार्य अझ प्रभावकारी ढंगले सञ्चालन गर्न संयूक्त कार्ययोजना वनाउने

।

**कार्यान्वयन प्रक्रिया:** यस कार्यक्रम सञ्चालन गर्दा जिल्ला EWARS sentinel site, जिल्ला खानेपानी कार्यालय, जिल्ला स्तरिय डिभिजनरसवडिभिजन कार्यालयका प्रतिनिधीहरु समाबेश हुने गरि एक दिने बैठक आयोजना गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदन:** कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रगति विवरण सम्वन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## १४ क्षेत्रिय मेडिकल स्टोरमा प्रकोपजन्य रोगहरु सम्बन्धि औषधि ढुवानी गर्ने

विभिन्न महामारी तथा प्रकोपजन्य रोगहरुको नियन्त्रणको लागि अति आवश्यक औषधिहरु क्षेत्रिय मेडिकल स्टोरबाट प्रभावित क्षेत्रसम्म ढुवानी गर्नको लागि यस शिर्षक अन्तरगत वजेट विनियोजन गरिएको छ । यस शिर्षकको वजेट क्षेत्रिय स्वास्थ्य निर्देशनालयमा विनियोजन गरिएकोमा सम्वन्धित क्षेत्रले अन्तरगतका मेडिकल स्टोर मार्फत औषधि ढुवानि गर्न यो रकम प्रयोग गर्न सकिने छ ।

## १५ रसुवा गढी, काकडभित्ता, रानी, बिरगंज, भैरहवा,नेपालगंज, पशुपति नगर र गड्डा चौकी भन्सारमा हेल्थ डेस्क स्थापना गर्न अस्थाइ कार्यालयको व्यवस्था गरि अन्तरास्ट्रिय स्वास्थ्य विनियम कार्यन्वयन गर्ने

भारत तथा चिनसंग सिमाना जोडिएका जिल्लाहरुका मुख्य भन्सार नाकाहरुमा अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम अन्तर्गत Health Desk स्थापना गरि अन्तरदेशीय रुपमा फैलन सक्ने सरुवारोगका बिरामीहरुको पहिचान गरि निगरानी गर्ने उद्धेश्यले Health Desk को स्थापना गनर्को लागि अस्थाइ कार्यालयको व्यवस्थाको लागि यस शिर्षकमा वजेट विनियोजन गरिएको छ । यस क्रियाकलाप अन्तरगत ट्रष्ट मार्फत अस्थाइ घर /टहरा निर्माण गर्न वा घर /कोठा भाडामा लिन तथा कार्यालयको लागि फर्निचर लगायतका सामाग्रि खरिद गर्न सकिने छ ।

## १६ इन्ट्रिगेटेड डिजिज सर्भिलेन्स अन्तर्गत महामारीजन्य रोगको द्रूत सूचना प्रवाह गर्ने कार्यक्रमहरु

**कार्यक्रमको उदेश्यः** कुनैपनि रोगको महामारी वा प्रकोपको अवस्थामा २४ घण्टा भित्र जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालय मार्फत सूचना यस महाशाखामा पठाउने ।

**अपेक्षित प्रतिफलः** महामारी वा प्रकोपको अवस्थामा यथाशिघ्र यस महाशाखामा सूचना प्राप्त भई समयमै प्रतिकार्य (Response) सम्भव हुनेछ ।

**कार्यक्रमको विवरणः** जिल्लाका कुनै पनि स्थानमा प्रकोपको रुपमा देखिने सरुवा रोगका विरामीहरुको संख्या अनुमान गरे भन्दा वढीको संख्यामा देखिएमा वा सरुवा रोगको प्रकोप देखिएमा त्यस्ता रोगवाट प्रभावितहरुको रिपोर्टिङ्ग जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालय मार्फत यस महाशाखामा २४ घण्टाभित्र जानकारी गराई सक्नु पर्नेछ ।

**कार्यान्वयन प्रक्रियाः** रिपोटिङ्गका लागि कुनै पनि सञ्चार माध्ययम प्रयोग गर्न सकिनेछ । यस कार्यका लागि आवश्यकता पहिचान गरि यो रकम खर्च गर्न सकिनेछ ।

## १७ सिकल सेल एनिमिया र थालेसिमिया रोग को बारेमा समस्या ग्रस्त २४ जिल्ला मा कार्यरत स्वास्थ्य कर्मी (मे. अ., हे. अ.,स्टाफ नर्स, अ.हे. व, अ.न.मि.टेक्निसियन, र ल्याब असिस्टेन्ट) हरुलाई २ दिनको अभिमुखीकरण

सिकल सेल एनिमिया थाइलोसिमिया प्रभावित जिल्लामा कार्यरत चिकित्सक, ल्याव असिस्टेन्ट/टेक्निसियन, हेल्थ पोष्ट इन्चार्ज र अन्य स्वास्थ्यकर्मीहरु साथै उक्त क्षेत्रमा पर्ने मेडिकल कलेज, प्राइभेट तथा सामुदायिक अस्पतालहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मि, नर्सिङ्ग कर्मचारीहरुलाई लक्षित गरि सिकल सेल एनिमिया तथा थाइलोसिमिया रोगको निदान, उपचार, रोकथाम र व्यवस्थापन बारेमा २ दिनको अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्ने प्रयोजनको लागि यो रकम खर्च गर्न सकिने छ ।

यो कार्यक्रमको फोकल व्यक्ति RRT को फोकल पर्सन हुनेछ ।

एक समुहमा ३० देखि ३५ जना सहभागी हुनेछन् ।

**प्रशिक्षक :** जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयको प्रमुख, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, क्षेत्रिय/उपक्षेत्रिय/अञ्चल/जिल्ला अस्पतालका Haematologist/Physicians/Lab Technologist/Lab अधिकृत, मेडिकल कलेज तथा केन्द्रिय स्तरका अस्पतालका सम्वन्धित विषयका विषय विज्ञ गरि ४/५ जना ।

**सहभागी:** मे.अ., हे.अ., स्टाफ नर्स , अ.हे.व, अ.न.मि. टेक्निसियन र ल्याब असिस्टेन्ट

**कार्यक्रम सहयोगी:** लेखा, प्रशासन तथा कार्यालय सहयोगी गरि २ जना ।

## १८ अस्पतालमा अपतकालीन पुर्व तयारी योजना कार्यशाला गोष्ठी

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले अस्पतालमा आपतकालिन पूर्व तयारी योजना (Hospital Based Emergency Preparedness Planning, HEPP) कार्यशाला गोष्ठी संचालन गरिने अस्पताल र यस महाशाखासँग समन्वय गरी तपशील बमोजिमका सहभागिहरु हुनेगरी आधा दिने कार्यशाला गोष्ठी संचालन गरिनु पर्ने छ ।

सहभागिहरुको जम्मा संख्या २५ देखि ३५ जना ।

१. जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयबाट RRT रिपोर्टिङ्ग Focal Person सहित ३ जना ।
२. अस्पतालमा कार्यरत चिकित्सकहरु बाट ५ जना ।
३. अस्पतालमा कार्यरत नर्सिङ्ग स्टाफहरुबाट ३ जना ।
४. अस्पतालमा कार्यरत पारामेडिकल स्टाफहरुबाट ५ जना ।
५. अस्पतालमा कार्यरत मेडिमल रेकर्डर १ जना ।
६. अस्पतालमा कार्यरत ल्याब र X-Ray बाट १/१ गरि जम्मा २ जना ।
७. अस्पतालमा कार्यरत स्टोर किपर १ जना ।
८. एम्बुलेन्स चालक १ जना
९. रेडक्रस प्रतिनिधि १ जना ।
१०.अस्पताल बिकास समितिको अध्यक्ष १ जना
११.जिल्ला प्रशासन कार्यलय प्रतिनिधि १ जना

१२. जिल्ला प्रहरी/सशस्त्र प्रहरी/सैनिक कार्यालयका प्रतिनिधि १ जना।

१३. आवश्यक परेको अवस्थामा अस्पतालबाट अन्य स्वास्थ्यकर्मीहरुलाई सहभागी गराउन सकिनेछ।

## १९ जिल्ला स्तरमा हुन सक्ने महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने

जिल्लाका कुनै पनि स्थानमा सरुवा रोगको महामारी/प्रकोप/विपद देखा परेको खण्डमा सो को व्यवस्थापन गर्न RRT परिचालन गर्नका लागि यो रकम खर्च गर्न सकिने छ। यस रकमबाट परिचालित टीमका सदस्यहरुको दै.भ्र.भ., औषधी सामाग्री ढुवानी गर्न तथा RRT लाई लिई जान आउन गाडी भाडामा लिनका लागी समेत यो रकम खर्च गर्न सकिने छ। सरुवा रोगको महामारी तथा प्रकोप व्यवस्थापन गर्न परिचालन गरिएको RRT को प्रतिवेदन अनिवार्य रुपमा प्रकोप नियन्त्रण भएको ३ दिनभित्र यस महाशाखामा पठाउनु पर्नेछ। यो रकम सरुवा रोगको माहामारी/ प्रकोप/ विपद व्यवस्थापन कार्यमा मात्र खर्च गर्न सकिने छ।

## २० औलो निवारण कार्यको लागी आवश्यक विभिन्न औषधि तथा झुल जिल्लाबाट विभिन्न स्वास्थ्य संस्थाहरुमा आपुर्ति व्यवस्थापन गर्ने

**कार्यक्रमको उदेश्यः** शंकास्पद औलो रोगीको परीक्षण सामाग्री तथा तत्काल उपचारका लागि आवश्यकऔषधीहरु बिरामीहरु आउन सक्ने जोखिम क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा उपलब्ध हुनेछ। जसले रोग परीक्षण तथा उपचार तत्काल भई रोगको थप बिस्तार हुनदिने छैन भने औलोको जोखिममा रहेका गर्भवती महिलाहरुलाई कीटनाशक झूल उपलब्ध गराई आमा र गर्भमा रहेको शिशुलाई औलोको जोखिमबाट बचाउने छ।

**अपेक्षित प्रतिफलः** शंकास्पदऔलो रोगीले रोगको परिक्षण तथा उपचार नजिकैको सरकारी स्वास्थ्य संस्थाहरुबाट नयां उपचार तालिका अनुसार तत्कालै पाउन सक्नेछन् साथै कीटनाशक झूलको प्रयोगले गर्भवती महिला तथागर्भमा रहेको शिशु औलोको जोखिमबाट बच्नेछन्।

**कार्यक्रमको विवरणः** जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयमा उपलब्ध भएका औलो रोग सम्बन्धी औषधीहरु, कीटनाशक झूल (तत्कालिन वडाहरुमा बसोबास गर्ने गर्भवती महिलाहरुको पहिलो गर्भ परीक्षणमा बितरणका लागि),

जनचेतनामूलक सामाग्रीहरु तथा प्रयोगशालामा प्रयोग हुने विभिन्न सामाग्रीहरु मातहतका स्वास्थ्य संस्थाहरुमा पठाउने ।

**कार्यान्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरीसम्बन्धित जिल्लाको कार्यालय प्रमुखसँग स्विकृती लिईजिल्लाको उच्च तथा मध्यम जोखिम क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुका साथै बिरामी आउन सक्ने स्वास्थ्य संस्थाहरुमा विभिन्न समयमा आवश्यक औषधी, परीक्षण सामाग्री, कीटनाशक झूल, प्रयोगशाला सम्बन्धी अन्य सामाग्रीहरु पठाउनु पर्नेछ । आवश्यक औषधी, परीक्षण सामाग्री, कीटनाशक झूल, प्रयोगशाला सम्बन्धी सामाग्री लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा माग गर्नुपर्ने छ ।

अभिलेख तथा प्रतिवेदन: यस महाशाखाबाट प्राप्त विभिन्न सामाग्रीहरु सम्बन्धित जिल्लाको स्टोरमा दाखिला गरी स्वास्थ्य संस्थाहरुमा पठाउदा हस्तान्तरण फारम भरी पठाउनु पर्नेछ । साथै यस महाशाखाले उपलब्ध गराएको फारम अनुसार जिल्ला तथा स्वास्थ्य संस्थाहरुमा भएको औलोसँग सम्बन्धित औषधी तथा आवश्यक सामाग्रीहरुको मौज्दात र गर्भवती महिलालाई बितरण गरिएको झूलको बिवरण मासिक रुपमा तयार गरी एक प्रति जिल्ला र अर्को प्रति यस महाशाखालाई उपलब्ध गराउनु पर्नेछ ।

## २१ उच्च र मध्यम खालको औलो प्रभावित गा.वि.स.हरुमा विशेष औलो रोगी खोजी अभियान संचालन गर्ने तथा जनचेतनाको लागि कीटजन्य रोग सम्वन्धि स्टल राख्ने

यो कार्यक्रम चौमासिक विनियोजित वजेट तथा कार्यक्रमलाई ध्यानमा राखि जिल्ला भित्रका उच्च तथा मध्यम जोखिम भएका गा.वि.स.का समूदायहरुमा लुकेर वसेका औलो रोगको खोजपड्ताल तथा रोग वाट वच्नको लागि गरिने क्रियाकलापहरुमा यो वजेट खर्च गर्न सकिने छ ।

**स्टल राख्ने स्थानको छनौट :**

- मानिसहरुको वढि भन्दा वढि यात्रा गर्ने स्थान जस्तै वसपार्क, स्थानिय मेला लाग्ने स्थान/हाटवजार, कीटजन्य रोग ग्रसित क्षेत्रका सामुहिक भेला तथा स्थानिय चाडपर्वभएको स्थानहरु
- आकर्षक स्टल निमार्णको लागि स्थानीय स्तरमा उपलव्ध फर्निचर, टेण्ट

भाडामा लिई प्रयोग गर्नु पर्ने छ ।

- स्टलमा उल्लेख भएको ३"६ को व्यानर जस्मा कीटजन्य रोगहरुवाट वच्ने उपाय तथा उपचार सम्वन्धि सुचनाहरु उल्लेख गरिएको हुनु पर्ने छ ।
- स्टल राखिएको स्थानमा कार्यक्रम अवधि भर कीटजन्य रोग सम्वन्धि माइक मार्फतसन्देश प्रचार प्रसार गर्नु पर्ने ।
- कीटजन्य रोग सम्वन्धि IEC/BCC जनचेतना मूलक सामग्री निमार्ण गरि वितरण गर्नु पर्ने छ ।
- स्टलमा सूचनामूलक सामग्रीको अतिरिक्त ज्वरो आएका शंकास्पद व्यक्तिहरुको औलो जाँचको समेत व्यवस्था मिलाउनु पर्दछ ।
- सो कार्यक्रमको लागि जिल्ला प्रसासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालयहरुसंग समन्वयन गर्नु पर्ने छ ।
- स्टलमा जिल्ला जन स्वास्थ्य /स्वास्थ्य कार्यालय र स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंम सेविका अन्य स्वयंम सेवक परिचालन गरिनु पर्ने ।
- प्रति स्टल एक पटकमा रु २००००। (वीस हजार) सम्म खर्च गर्न सकिने छ । सो रकमको वाडफाड जिल्ला स्वास्थ्य कार्यालयवाट स्वीकृत गराई संचालन गर्नु पर्ने छ । यो कार्यक्रमको अवधि जम्मा १ दिनको हुने छ । कार्यक्रम समाप्त भए पश्चात सो को प्रगति प्रतिवेदन फोटो सहित अनिवार्य रुपमा क्षेत्र तथा जिल्लालाई पठाउनु पर्ने छ ।

## २२ वार्षिक रूपमा जिल्ला स्तरमा औलो सम्वन्धी डाटाहरू अध्यावधीक गर्ने

**कार्यक्रमको उदेश्यः** जिल्ला तथा समुदायस्तरमा रहेका स्वास्थ्य संस्थाहरुबाट परीक्षण, निदान तथा उपचार गरिएका प्रत्येक विरामीको विवरण स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले उपलब्ध गराइएको फारमहरुमा सही रुपमा ल्याउनु हो । उक्त तथ्यांकले औलो रोगको वास्तविक अवस्था जानकारी हुनुका साथै भावी योजना तर्जुमा गर्न सहयोग पुग्नेछ । ,

**अपेक्षित प्रतिफलः** स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले उपलब्ध गराएको

फारमहरुमा औलो रोग सम्वन्धित विस्तृत विवरण सही रुपमा उपलब्ध हुनेछ ।

**कार्यक्रमको विवरण:** जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय मातहतमा भएका स्वास्थ्य संस्थाहरु बाट सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुखले औलो सम्बन्धि विवरण (ल्याब रजिष्टर HMIS ५.२, उपचार रजिष्टर HMIS ५.३, HMIS ९.३/९.४ तथा औलो रोगीहरुको विवरण) सहित तोकिएको स्थान र समयमा उपस्थित हुने तथा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीद्वारा उपलब्ध गराइएको तथ्यांक प्रमाणीकरण गर्नुपर्नेछ ।

एक समुहमा अनुसूची २ अनुसार सहभागी गराउन सकिनेछ । प्रशिक्षकको रुपमा जिल्ला जनस्वास्थ्य/स्वास्थ्य प्रमुख १, सम्बन्धित विषयका फाँट प्रमुख १, तथ्यांक फाँटबाट १, ल्याव इन्चार्ज १ जना गरी जम्मा ४ जना हुनेछन् । यस कार्याशाला कार्यक्रम १ दिनको हुनेछ । यस कार्यक्रममा कम्तिमा निम्न अनुसारका विषयबस्तु समावेश गर्नु पर्नेछ ।

- Objectives of Workshop
- Overview of Malaria Program and
- Importance of timely & correctly recording & reporting

**कार्यान्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरि कार्यलय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ । समय तथा स्थानको छनौट गरि समयमै सहभागी तथा प्रशिक्षकहरु सँग पत्राचार गर्ने तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ ।

**अभिलेख तथा प्रतिवेदन**: नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राखी आवश्यक परेको अवस्थामा उपलव्ध गराउनु पर्नेछ ।

## २३ कीटजन्य रोगहरू औलो , कालाजार, डेंगु, हात्तीपाईले, जे.इ, जीका, स्क्रब टाईफस सार्ने भेक्टरहरूको एकिकृत सर्भिलेन्स / औलो, कालाजार, डेंगु, हात्तीपाईले, जे.इ., जीका लगायतका कीटजन्य रोगहरू सार्ने भेक्टरहरूको एकिकृत सर्भिलेन्स

नेपालमा जनस्वास्थ्यको समस्याको रुपमा कीटजन्य रोगहरु औलो, कालाजार, डेंगु/चिकुनगुनिया, जापानिज इन्सेफलाइटिस, हात्तीपाइले रहदै आएको छ र हाल स्क्रव टाईफसले महामारीको रुप लिएको र जिका लागायत अन्य रोग सार्ने भेक्टर समेत विद्यमान रहेकोले जिल्लाहरुले नियमित रुपमा कीटजन्य रोगको भेक्टर सर्भे गर्नको लागि रकम विनियोजित गरिएको छ । जिल्लामा पठाईएको चौमासिक विनियोजित रकमको परिधि भित्र रहि सम्वन्धित जिल्लाले एक वा सो भन्दा बढि स्थानमा कीटजन्य रोग सार्ने भेक्टर सर्भे तथा अनुसन्धान गर्न सक्ने छ । सर्भेमा खटिने कर्मचारीहरुमा इन्टोमोलोजिष्ट १ जना, जुनियर इन्टोमोलोजिष्ट २ जना, इन्सेक्ट कलेक्टर १ जना, भे.क.नि. १ जना र भे.क.सु. वा म.ई. मध्ये १ जना रहने छन् । यस कार्यको लागि कार्यअवधि वजेटको परिधि भित्र भौगोलिक परिवेश अनुसार जिल्लाले तोक्न सक्नेछ । यस अन्तरगत गरिने सर्भे तथा अनुसन्धान कार्यक्रम कार्यालय प्रमुखको सुपरिवेक्षणमा हुनेछ । यस सर्भे तथा अनुसन्धानक कार्यको लागि जिल्लाले आवश्यकता अनुसार वजेटको परिधि भित्र रहि नेपाल सरकारको नियमानुसारगाडि समेत भाडामा लिई कार्य सम्पन्न गर्न सकिने छ ।

क्षेत्रमा व.उ.शि.नं. ३७०११९ बाट यस कार्यको लागि वजेट विनियोजन गरिएको छ । क्षेत्रले आफ्नो अन्तरगतका जिल्लाहरुमा आवश्यकता अनुसार माथि उल्लेखित अनुसार यस कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

## २४ जिल्ला तथा क्षेत्रीय स्तरमा विश्व औलो दिवस मनाउने

**कार्यक्रमको उदेश्यः** औलो रोगबारे जिल्ला तथा क्षेत्रीय तहमा सरकारी तथा गैरसरकारी संस्थाहरुद्वारा भए गरिएका क्रियाकलापहरुको अन्तरक्रिया तथा जनचेतना अभिवृद्धि गर्ने ।

**अपेक्षित प्रतिफलः**औलो रोगबारे जनचेतना अभिवृद्धिमा सहयोग पुग्नेछ ।

**कार्यक्रमको विवरणः**सम्बन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य तथा क्षेत्रीय स्वास्थ्य

निर्देशनालयहरुले आफ्नो जिल्ला तथा क्षेत्रमा औलो रोग सम्बन्धि भएको कार्यक्रमको समिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सम्बन्धित जिल्ला तथा क्षेत्रमा रहेका सरोकारवालाहरुसँग अन्तरकृया कार्यक्रम साथै ऱ्यालीको आयोजना गर्नेछ। कार्यक्रमको लागि आवश्यक विश्व औलो दिवसको नारा पछि अवगत गराइनेछ।

**कार्यान्वयन प्रक्रिया:**जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरि कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ।

**अभिलेख तथा प्रतिवेदन:** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ।

## २५ औलो सम्वन्धी वार्षिक क्षेत्रीय स्तरमा समिक्ष वैठक संचालन गर्ने

**कार्यक्रमको उदेश्य:**मलेरिया कार्यक्रम संचालन भएका जिल्लाहरुमा औलो सम्वन्धि तथ्यांकहरु पनरावलोकन गरि प्रमाणिकरण गर्ने।

**अपेक्षित प्रतिफल:**मलेरिया कार्यक्रम संचालन भएका जिल्लाहरुमा औलो सम्वन्धि तथ्यांकहरु पनरावलोकन भई प्रमाणिकरण हुनेछ।

**कार्यक्रमको विवरण:**मलेरिया कार्यक्रम संचालन भएकाजिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयहरुबाट सम्वन्धित व्यक्तिले मातहतका स्वास्थ्य संस्थाहरुबाट प्राप्त भएका ल्याब रजिष्टर HMIS ५.२, उपचार रजिष्टर HMIS ५.३, HMIS ९.३ तथा औलो रोगीहरुको विवरण सहितको एकमुष्ट तथ्यांक लिई क्षेत्रले तोकिएको स्थान र समयमा उपस्थित हुने तथा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीद्वारा उपलब्ध गराइएको तथ्यांक प्रमाणीकरण गर्नुपर्नेछ।

एक समुहमा अनुसूची अनुसार सहभागी गराउन सकिनेछ । प्रशिक्षकको रुपमा क्षेत्रिय निर्देशक १, सम्बन्धित विषयका शाखा प्रमुख १, फोकल पर्सन १, तथ्यांक फाँटबाट १, ल्याव १ जना गरी जम्मा ४ जना हुनेछन् । यस अभिमुखिकरण/अन्तरकृया कार्यक्रम १ दिनको हुनेछ। यस कार्यक्रममा कम्तिमा

निम्नअनुसारका विषयबस्तु समावेश गर्नु पर्नेछ ।

- Objectives of Workshop
- Overview of Malaria Program and importance of timely & correctly recording &reporting
- Principles of Disease Surveillance and Malaria Disease Information System (MDIS)
- Outbreak Investigation

**कार्यान्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरि कार्यलय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ । समय तथा स्थानको छनौट गरि समयमै सहभागी तथा प्रशिक्षकहरु सँग पत्राचार गर्ने तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ । माथि उल्लेखित विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

**अभिलेख तथा प्रतिवेदन:** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## २६ औलो निवारणमा सहयोग पाउनको लागि क्षेत्रिय स्तरमा बहूसंस्थागत वैठक गर्ने

**कार्यक्रमको उदेश्य:** नेपाल औलो रणनितिक योजना २०१४-२०२५ मा उल्लेख भएका उद्देश्यहरुबारे क्षेत्रीय स्तरमा रहेका सरोकारवाला निकायहरुलाई जानकारी गराई उनीहरुलाई औलो निवारण कार्यमा सहभागी गराउने ।

**अपेक्षित प्रतिफल:** क्षेत्रीय स्तरमा रहेका सरोकारवालाहरुले औलो कार्यक्रमले लिएका उद्देश्यहरु बारे जानकारी प्राप्त गरी औलो निवारण कार्यक्रममा आवश्यक सहयोग पुर्‍याउने छन् ।

**कार्यक्रमको विवरण:** सम्बन्धित क्षेत्रले आफ्नो क्षेत्रमा रहेका विभिन्न सरोकारवाला संस्थाहरु (शिक्षा, स्वास्थ्य, कृषि, गृह, सिंचाई, स्थानीय विकास, महिला, बालबालिका तथा समाज कल्याण, प्रहरी, सशस्त्र प्रहरी, सैनिक, पत्रकार आदि) का प्रतिनिधिहरु भेला गराई नेपाल औलो रणनितिक योजना २०१४-२०२५

मा उल्लेख भएका उद्देश्यहरुबारे जानकारी दिनुका साथै उनीहरुबाट हुन सक्ने सहयोगबारे अन्तरक्रिया कार्यक्रम संचालन गर्नेछन ।

**कार्यान्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ । माथि उल्लेखित विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

अभिलेख तथा प्रतिवेदनः नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## २७ समुदायमा औलो केशवेस सर्भीलेन्सवारे जिल्लाहरूमा जानकारी दिने

**कार्यक्रमको उदेश्यः**स्थानिय स्तरमा रहेका स्वास्थ्य कर्मि, स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीहरु तथा समुदायमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई औलो केसवेस सर्भीलेन्सको प्रक्रिया र यसको महत्वबारे जानकार गराई समुदायमा रहेका शंकास्पद औलो रोगीको समयमानै परीक्षण, निदान, केशवेस सर्भिलेन्स तथा उपचारबारेजनचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**अपेक्षित प्रतिफलः**औलो रोग तथा यसको केसवेश सर्भिलेन्सबारे जानकारी प्राप्त पश्चात स्थानिय स्तरमा रहेका स्वास्थ्य कर्मिहरुले औलो बिरामी निदान भएमा २४ घण्टाभित्र MDIS मा SMS गर्ने, समुदायस्तरमा रहेका महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीहरुलेसमुदायस्तरमा रहेका शंकास्पद औलो रोगीको समयमै परिक्षण, निश्चित भएका औलो रोगीको उपचार तथा केसवेश सर्भिलेन्समा सहयोग पुऱ्याउनुका साथै तालीम प्राप्त महिला स्वास्थ्य स्वयंसेविकाले आमा समूहमा औलो बारे जानकारी दिई यस रोगबारे समुदायस्तरमा जनचेतना अभिवृद्धि गराउने छन् ।

**कार्यक्रमको विवरणः** सम्बन्धित जिल्ला जन/स्वास्थ्य अन्तर्गत औलोको उच्च तथा मध्यम जोखिममा रहेका तत्कालीन गा.वि.स तथा नगरपालिकाहरुका वडाहरुमा भएका स्वास्थ्य कर्मि, महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य

व्यवस्थापन समितिका पदाधिकारीहरुलाई स्वीकृत कार्यक्रम अनुसार अभिमुखीकरण गराउने ।

यस कार्यक्रमको अनुगमनका लागि जिल्लाबाट खटिने व्यक्तिहरुको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च *"जिल्ला तथा क्षेत्रका कर्मचारीहरुले औलो निवारण कार्यको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गर्ने"*बजेट शिर्षकबाट लिनुपर्नेछ ।

**कार्यन्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यलय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ । माथि उल्लेखित विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

**अभिलेख तथा प्रतिवेदनः** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## २८ समुदायमा औलो केशवेस सर्भीलेन्सवारे म.स्वा.स्व.से.हरुबाट समाजमा आमा समुहको मिटिंग तथा सामाजिक परिचालन क्रियाकलापहरु गर्ने

**कार्यक्रमको उदेश्यः** समुदायस्तरमा रहेका आमा समुहलाई तालीम प्राप्त म.स्वा.स्व.से. द्वारा औलो केशवेस सर्भीलेन्सबारे जानकारी दिने तथा सम्बन्धित स्वास्थ्य संस्थाद्वारा त्यस क्षेत्रका नागरिक अगुवा (जस्तैः पूर्व गा.पा.प्रमुख, शिक्षक, सामाजिक अगुवा) हरुलाई औलो कार्यक्रम बारे जानकारी दिई समुदायमा रहेका शंकास्पद औलो रोगीको समयमानै परिक्षण तथा उपचार गर्न सहयोग पुऱ्याउने ।

**अपेक्षित प्रतिफलः** समुदायस्तरमा रहेका आमा समुह तथा नागरिक अगुवाहरुले औलो रोगबारे जानकारी प्राप्त गरी समुदायस्तर जनचेतना फैलाउनुका साथै शंकास्पद औलो रोगीको समयमै परिक्षणको लागि प्रेषण गर्ने तथा निश्चित भएका औलो रोगीको उपचार पुरा गराउन सहयोग गर्नेछन् ।

**कार्यक्रमको विवरणः** सम्बन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य अन्तर्गत औलोको उच्च जोखिममा रहेका तत्कालिन गा.वि.स. तथा नगरपालिका वडाका आमा

समुहहरुलाई स्वीकृत कार्यक्रम अनुसार अभिमुखीकरण गराउने।यसैगरी सम्बन्धित जिल्ला अन्तर्गत औलोको उच्च तथा मध्यम जोखिममा रहेका वडाका वडा अध्यक्ष भएका नागरिक अगुवा (जस्तैः शिक्षक, सामाजिक अगुवा) हरुलाई सम्बन्धित स्वास्थ्य संस्थाद्वारा स्वीकृत कार्यक्रम अनुसार औलो कार्यक्रम बारे जानकारी दिने ।

यस कार्यक्रमको अनुगमनका लागि जिल्लाबाट खटिने व्यक्तिहरुको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च "*जिल्ला तथा क्षेत्रका कर्मचारीहरुले औलो निवारण कार्यको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गर्ने*" बजेट शिर्षकबाट लिनुपर्नेछ ।

**कार्यन्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरि कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्नेछ । माथि उल्लेखित विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

अभिलेख तथा प्रतिवेदनः नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## २९ नीजी क्षेत्रमा कार्यरत स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाइ औलो सम्वन्धी जानकारी दीने

**कार्यक्रमको उदेश्यः** नीजी क्षेत्रमा परीक्षण तथा उपचार गराई रहेका (जम्मा औलो रोगीको करिब ३० प्रतिशत) औलो रोगीहरुको विवरण नेपाल सरकारकोसम्बन्धित निकायलाई जानकारी हुन गई औलो रोगीको वास्तविक तथ्यांक चुस्तदुरुस्त हुनेछ ।

**अपेक्षित प्रतिफलः** नीजी क्षेत्रमा कार्यरतचिकित्सक/स्वास्थ्यकर्मीहरु तथा प्रयोगशालामा कार्यरत कर्मचारीहरुलेऔलो रोग तथा यसको रेकर्डिङ्ग रिपोर्टिङ्गको महत्वबारे जानकार भई नेपाल सरकारको सम्बन्धित निकायमा नियमितरुपमा समयमा नै रिपोर्टिङ्ग गर्नेछन् ।

**कार्यक्रमको विवरणः** निजी क्षेत्रमा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीहरु,

प्रयोगशालामा कार्यरत कर्मचारीहरु तथा रेकर्डिङ्ग रिपोर्टिङ्गमा काम गर्ने व्यक्तिहरु (अस्पताल, नर्सिङ्ग होम, पोलीक्लिीनीक भएमा एक संस्थाबाट बढीमा २ जना सम्म) यस अभिमुखिकरण गोष्ठिमा सहभागी हुनेछन।एक समुहमा २० जना सहभागी गराई, दुई पटकमा (सहभागी नदोहोरिने गरी) जम्मा ४० जनालाई अभिमुखिकरण गराइनेछ । प्रशिक्षकको रुपमा जिल्ला जनस्वास्थ्य/स्वास्थ्य प्रमुख १, सम्बन्धित विषयका फाँट प्रमुख १, तथ्यांक फाँटबाट १ तथा सेभ द चिल्ड्रेनबाट १ जना गरी जम्मा४ जना हुनेछन् । यस अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रम १ दिनको हुनेछ । यस कार्यक्रममा कम्तिमा निम्नानुसारका विषयबस्तु समावेश गर्नु पर्नेछ ।

- Objectives of orientation
- Overview of malaria program
- Importance of HMIS system &timely reporting
- Discuss about malaria treatment protocol, 2016
- Role of private sector to reduce malaria disease

**कार्यन्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यलय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित norms को आधारमा सञ्चालन गर्नुपर्नेछ । समय तथा स्थानको छनौट गरी समयमानै सहभागी तथा प्रशिक्षकहरुसँग पत्राचार गर्ने तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ । माथि उल्लेखित विषयवस्तु सम्वन्धि सन्दर्भ सामाग्रीहरुको लागि यस महाशाखामा सम्पर्क गर्न सकिने छ ।

**अभिलेख तथा प्रतिवेदन:** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## ३० औलो नियन्त्रणको लागी विभिन्न वातावरणीय उपायहरु गर्ने

**कार्यक्रमको उदेश्य:** औलोको बाहकको रुपमा रहेको लामखुट्टेको बासस्थान तथा यसको लार्भा वृद्धि नियन्त्रण गर्ने ।

**अपेक्षित प्रतिफल:** औलोको उच्च तथा मध्यम जोखिमक्षेत्रहरुमा रहेका लामखुट्टेको बासस्थान जस्तै पानीका खाल्डाखुल्डी, झाडी, बुट्यानहरुको व्यवस्थापन

गरीऔलोको बाहकको रुपमा रहेको लामखुट्टेको संख्या तथा वृद्धिमा कमि आउनुका साथै यसको लार्भा वृद्धि नियन्त्रण हुनेछ ।

**कार्यक्रमको विवरण:** सम्बन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले आफ्नो जिल्लामा रहेका औलोको उच्च तथा मध्यम जोखिममा पर्ने स्थानहरुमा भएका लामखुट्टेको संभावित बासस्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको वातावरणीय व्यवस्थापन गर्ने ।

**कार्यान्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी सम्बन्धित जिल्लाको जि.स.स.को नियमानुसार कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित norms को आधारमा सञ्चालन गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदन:** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## ३१ औलो माहामारी हुने औलो ग्रसीत क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत)

**छिड्काउका लागि निर्धारित पुर्वाधार :**

सुरक्षित गर्नुपर्ने जनसंख्या अनुसार चाहिने विषादीको परिमाण र छिड्काउ गर्नका लागि आ.व.२०७४/०७५ को चौमासिक रुपमा विनियोजित वजेट रकमको आधारमा परियोजना बनाउने र स्प्रेमेन, फोरमेन र Insecticide Distributor(ID)हरुको ज्यालामा ७० प्रतिशत र अन्य खर्चहरुमा ३० प्रतिशत खर्च गर्नु पर्नेछ । तसर्थ सुरक्षित गर्नु पर्ने जनसंख्या मध्ये पनि Malaria/Kala-azar high risk area जिल्लाले आफै निर्धारण गरी जनसंख्या निकाल्ने र बिनियोजित बजेटले परिधि भित्ररहि (लक्षित जनसंख्यालाई ध्यानमा राखी) छिड्काउ गर्ने गरी जिल्लाहरुले कार्यक्रमको परियोजना तयार गरि क्षेत्रीय स्वास्थ्य निर्देशनालयवाट स्वीकृत गराई कार्यक्रम संचालन गर्ने ।

क)औलो रोग नियन्त्रणमा बिशेष गरी स्थानिय औलोका रोगीहरु भएको गा.पा. अन्तरगतका गाउँहरु जस्तै जंगल भएका क्षेत्रका गाउँहरु, बिकास आयोजना भएका स्थानहरु जसमा बिभिन्न क्षेत्रका मानिसहरु आवागमन गर्दा औलोको प्रसारण हुने संभाबना बढ्छ । तसर्थ त्यस्ता स्थानहरुलाई बिशेष प्राथमिकता

दिने ।

ख) विगतका वर्षहरुमा औलो पि.एफ. रोगी भेटिएका गा.पा./न.पा. तथा हाल एक वा सो भन्दा वढि नयाँ पि.एफ.औलो रोगी भेटिएका गा.पा./न.पा.हरु

ग) विगत ३ वर्ष भित्र कीटनाशक झुल बितरणभएका गा.पा तथा न.पा.हरुमा विषादी छिड्काउ कार्य नगर्ने ।

घ) विशेष अवस्थामा माथि उल्लेख गरिएका निर्धारित पूर्वाधारहरु लागु हुने छैन जस्तै : वाढी, पहिरो, डुवान, आगलागी र महामारी ।

**छिड्काउ कार्यकम संचालन सम्वन्धि थप मार्गनिर्देशन :**

क) तिन वा चार टिमको एक समुह हुनेछ (एक टिममा एक जना फोरम्यान र चार जना स्प्रे म्यान रहने छन्) प्रति ग्रुप एक जना बिषादि बितरक रहनेछ । एक टिमले ३० दिनमा औलोको लागि ३००० जनसंख्या सुरक्षित गर्नु पर्नेछ ।

ख) स्प्रेईङ्गका लागि आबश्यक पम्प तथा अन्य सरसामान स्प्रे मिति भन्दा अगावै तयारी अवस्थामा राख्नुपर्ने छ ।

ग) स्प्रेमेन भर्ना गर्दा सकेसम्म स्थानिय र अनुभवी ब्यक्तिलाई प्राथमिकता दिने ।

घ) स्प्रे कार्यकम संचालन गर्नु पूर्व स्प्रेमेन, फोरमेन तथा बिषादी बितरकलाई २ दिनको तालीम दिनु पर्ने छ ।

ङ) परियोजना स्वीकृत गराउँदा प्रभाबित जिल्लाको नक्सामा गा.पा/न.पा तथा गाँउ देखिने स्पष्ट नक्सा र वडा स्तरिय रोगी संख्या, मजदुरलाई बितरण गरिने जिल्लाको स्वीकृत नयाँ ज्याला दररेट, बिषादीको मौज्दात,Expiry date, जिल्लामा रहेको औषधिको मौज्दात, चालु पम्पको संख्या तथा खर्चको बिबरण आवश्यक पर्नेछ ।

छ) पहिलो चरणमा भएको स्प्रेईङ्ग प्रगति प्रतिबेदन एस.पि.आर. ४ कार्यक्रम स्वीकृत गर्दा संलग्न हुनु पर्नेछ ।

ज) स्प्रे कार्यकममा खर्च भएको कीट्नाशक बिषादिको खाली खोल मुचुल्का

उठाई प्रतिनिधि (स्थानीय स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष/सदस्य संबन्धित स्थानीय स्वास्थ्य संस्थाका ईन्चार्ज तथा अन्य कर्मचारी र जिल्ला स्वास्थ्यका प्रतिनिधिहरुको रोहबरमा जलाउनु पर्ने छ र सोको माइन्युटिङ्ग समेत अद्यावधिक गरी राख्नु पर्ने छ ।

झ) बजेट र कार्यक्रम स्पष्ट खुल्ने परियोजना र विषादि छर्कने कार्यक्रम (SPR 1) तयार गरी क्षेत्र तथा केन्द्रमा पठाउनु पर्नेछ ।

कीटनाशक विषादी छिड्काउका लागि घोल बनाउने तरिका :छिड्काउका लागि प्रयोग हुने किटनाशक विषादी प्रति पम्प ८ लिटर पानीमा एक पोका मिसाउनु पर्दछ जसले २०० वर्ग मिटरलाई कभर गर्नेछ ।

## ३२ औलो रोग ग्रसित क्षेत्रहरुमा शंकास्पद औलो रोगी पत्ता लगाई नमुना संकलन गरी उपचार तथा केशको निगरानी गर्ने

औलो रोगका नयाँ विरामी पत्ता लागेको स्थानका अन्य व्यक्तिहरुमा समेत सो रोग हुन/सर्न सक्ने भएकोले त्यस क्षेत्रमा वसोवास गर्ने संभावित औलो विरामीहरुको खोज पडताल गर्न यो रकम खर्च गर्नुपर्नेछ । धेरै रोगीहरु भएका स्थानहरुमा अन्य रोगीहरु पनि पाईने सम्भावना भएकोले त्यस्ता ठाउँहरुलाई प्राथमिकतामा राखि विनियोजित रकम खर्च गर्नु पर्ने छ । सो कार्यक्रम Confirmed Case Reporting भएको ३ दिन भित्र गर्नु पर्नेछ । रोगी भेटिएको गाउँमा कम्तीमा २५/५० घर वा केस देखिएको घरको १ देखि २ कि.मी. वरपर सर्भे गरि शंकास्पद औलो विरामीहरुको खोजपड्ताल गर्ने कार्यक्रम संचालन गर्नु पर्नेछ । उक्त कार्यक्रमका लागि एक पटकमा बढिमा रु २५००० ( पच्चीस हजार) सम्म खर्च गर्न सकिने छ । यस कार्यक्रममा जिल्लाबाट खटिने स्वास्थ्यकर्मीहरु (DHO/DPHO, Medical officer, VCI/VCS/Focal Person, Lab technician/Lab Assistant) गरि जम्मा ४ जना रहनेछन (स्थानीय स्वास्थ्य संस्थामा ल्यावको सुविधा भएमा सोहि संस्थाको ल्यावमा कार्यरत कर्मचारी परिचालन गरिनु पर्नेछ ) र सो कार्यक्रममा स्थानीय स्वास्थ्य संस्थाको इन्चार्ज र महिला स्वास्थ्य स्वयंम सेविकालाई सहभागी गराउनु पर्नेछ । आवश्यकता अनुसार कार्यालय प्रमुखले अन्य स्वास्थ्यकर्मीहरु समेत खटाउन सक्नेछन् । कार्यक्रममा खट्ने स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउनु पर्दछ ।

## ३३ किटनाशक विषादि छिड्काउ पम्प मर्मत सम्भार गर्ने

कीटनाशक विषादी छिड्काउ गर्ने पम्पहरु मर्मत तथा सम्भार कार्यक्रम संचालन हुन भन्दा पहिले वजेटको परिधि भित्र रहि मर्मत संभारको लागि खर्च गर्ने साथै सो रकम अन्य मर्मत/सम्भार मा प्रयोग नगर्ने र स्प्रेईङ्ग शिर्षकवाट पम्प मर्मत खर्च लेख्न पाईदैन ।

## ३४ डेंगु नियन्त्रण गर्न नगरपालिकाहरु समेतमा लामखुट्टेको वास स्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने तथा ओरिएन्टेसन गर्ने / डेंगु तथा चिकनगुनिया ज्वरो सम्वन्धि ओरिएन्टेसन कार्यक्रम तथा लामखुट्टेको बासस्थान खोजि गरि लार्भा नस्ट गर्ने अभियान

जिल्लाका प्रभावित क्षेत्रका सरकारी तथा गैरसरकारी संघ संस्थासंग समन्वय गरी थप आर्थिक श्रोत जुटाई कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम संचालन गर्नु पूर्व कार्यक्रमको फोकल पर्सनले खर्चको निर्देशिका अनुसार खर्चको वाडफाडँ तयार गरि जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

उक्त कार्यक्रम संचालन गर्नु अगाडि जिल्ला स्तरीय सरोकारवालाहरुको १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र कम्तीमा दुई देखि चार दिन सम्म कार्यालय प्रमुख/ न.पा.प्रमुख/गा.पा. प्रमुखको नेतृत्वमा स्थानीय स्तरका महिला स्वास्थ्य स्वयंसेवीका, टोलसुधार समितीका प्रतिनिधि, सम्वन्धित वडाका वडा अध्यक्ष, नागरिक समाज, प्रहरी, सेना, व्यापारिक संघ/संस्था राजनितिक दल, पत्रकार समेतको सहभागितामा डेंगु रोग सार्ने लामखुट्टेको वासस्थान खोजी गरि लार्भा, प्युपा नष्ट गर्ने अभियान संचालन गर्नु पर्नेछ । यो  कार्यक्रम डेगु तथा चिकनगुनिया ज्वरोको रोगी वारम्वार भेटिएका,संम्भावित तथा नयाँ स्थानहरुको लागि प्राथमिकता दिनु पर्नेछ ।

क्षेत्रमा व.उ.शि.नं. ३७०११९ बाट यस कार्यक्रमको लागि वजेट विनियोजन गरिएको छ । क्षेत्रले डेंगु तथा चिकनगुनियाको जोखिम भएका जिल्लाका सम्भावित स्थानहरुमा लामखुट्टेको वासस्थान नस्ट गर्ने अभियान माथि उल्लेख भए अनुसार सञ्चलान गर्नुपर्नेछ ।

## ३५ औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई अधारभुत औलो माइक्रोस्कोपीक ३० दिने तालीम दिने

**कार्यक्रमको उदेश्यः** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी शंकास्पद औलो रोगीको रक्त नमुना संकलन, नमुना तयारी तथा परिक्षण गुणस्तरिय रुपमा गर्न शिप बिकास गर्ने ।

**अपेक्षित प्रतिफलः** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि भई शंकास्पद औलो रोगीको रक्त नमुना संकलन, परिक्षण सहज र गुणस्तरिय हुनेछ जसले शंकास्पद औलो रोगीले सहज तथा गुणस्तरिय प्रयोगशालासेवा स्थानीयरुपमा नै पाउनुका साथै औलो रोगको पहिचान, बर्गिकरण तथा उपचारमा मद्दत पुग्नेछ ।

**कार्यक्रमको विवरणः** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत तर औलोको प्रयोगशाला सम्बन्धि आधारभूत तालिम नलिएका Lab assistant/technicians बढीमा १५(पन्ध्र) जनालाई २५ दिनको तालिम कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र (VBDRTC) वा तोकिएको क्षेत्रको तालिम केन्द्रमा गराइनेछ । यस कार्यक्रमको फोकल पर्सन प्रयोगशाला सुपरभाइजर हुनेछ । यो तालिम नेपाल सरकारले तयार पारेको औलोको प्रयोगशाला सम्बन्धि आधारभूत तालिम निर्देशिका अनुसार संचालन हुनेछ ।

**कार्यान्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित norms को आधारमा सञ्चालन गर्नुपर्नेछ । तालिम हुने मिति तथा समयको छनौट गरी समय मै सहभागी तथा प्रशिक्षकहरुलाई पत्राचार गर्नुका साथै तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ । प्रशिक्षकको रुपमा केन्द्रबाट २ जना सहभागी गराउनु पर्नेछ ।

**अभिलेख तथा रिर्पोटः** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको फाइलसँग राख्नु पर्नेछ ।

## ३६ औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई पुनर्ताजगी औलो माइक्रोस्कोपीक १५ दिने तालीम दिने

**कार्यक्रमको उदेश्य:** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान तथा शिपमा पूनर्ताजगी गरी शंकास्पद औलो रोगीको रक्त नमुना संकलन, नमुना तयारी तथा परिक्षण गुणस्तरियरुपमा गर्न शिप बिकास गर्ने ।

**अपेक्षित प्रतिफल:** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत कर्मचारीहरुको ज्ञान तथा शिपमा पूनर्ताजगीभई शंकास्पद औलो रोगीको रक्त नमुना संकलन, परिक्षण सहज र गुणस्तरिय हुनेछ जसले शंकास्पद औलो रोगीले सहज तथा गुणस्तरिय प्रयोगशाला सेवा स्थानीयरुपमा नै पाउनुका साथै औलो रोगको पहिचान, बर्गिकरण तथा उपचारमा मद्दत पुग्नेछ ।

**कार्यक्रमको विवरण:** औलो प्रभावित क्षेत्रका प्रयोगशालाहरुमा कार्यरत औलोको प्रयोगशाला सम्बन्धि आधारभूत तालिम लिएको कम्तिमा २ बर्ष पुगेका तर पूनर्ताजगीतालिम नलिएमा Lab assistant/technicians बढीमा १५(पन्ध्र) जनालाई १५ दिनको तालिम कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र ( VBDRTC) वा तोकिएको क्षेत्रको तालिम केन्द्रमा गराइनेछ । यस कार्यक्रमको फोकल पर्सन प्रयोगशाला सुपरभाइजर हुनेछ । यो तालिम नेपाल सरकारले तयार पारेको औलोको प्रयोगशाला सम्बन्धि आधारभूत तालिम निर्देशिका अनुसार संचालन हुनेछ ।

**कार्यान्वयन प्रक्रिया:** जिम्मेवार व्यक्तिले कार्ययोजना तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराई स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित norms को आधारमा सञ्चालन गर्नुपर्नेछ । तालिम हुने मिति तथा समयको छनौट गरी समय मै सहभागी तथा प्रशिक्षकहरुलाई पत्राचार गर्नुका साथै तथा अन्य सम्पुर्ण प्रशासनिक कार्यहरु गर्नु पर्नेछ । प्रशिक्षकको रुपमा केन्द्रबाट २ जना सहभागी गराउनु पर्नेछ ।

**अभिलेख तथा रिर्पोट:** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी सम्बन्धित कार्यक्रमको

फाइलसँग राख्नु पर्नेछ ।

## ३७ औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई अधारभुत औलो माइक्रोस्कोपीक ३० दिने तालीम दिने

सि. नं. ३५ को क्रियाकलाप सम्वन्धि निर्दशिका अनुसार गर्ने

## ३८ औलो निवारण कार्यक्रमको लागि प्रयोगशालामा कार्यरत कर्मचारीहरू लाई पुनर्ताजगी औलो माइक्रोस्कोपीक १५ दिने तालीम दिने

सि. नं. ३६ को क्रियाकलाप सम्वन्धि निर्दशिका अनुसार गर्ने

## ३९ औलो नियन्त्रण कार्यको लागी आवश्यक विभिन्न सामानहरु (प्रयोगशालालाई तथा औलो फाँटको लागी आवश्यक अन्य सामानहरु) खरीद गर्ने

**कार्यक्रमको उदेश्यः** औलो नियन्त्रण कार्यसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आवश्यक पर्ने विभिन्न सामाग्रीहरुको अभाव हुन नदिने ।

**अपेक्षित प्रतिफलः** औलो नियन्त्रण कार्यसँग सम्बन्धित विभिन्न सामाग्रीहरुको मौज्दात आवश्यक मात्रामा हुनुका साथै अन्य प्रशासनिक कार्य सहजहुन गई कार्यक्रम सुचारु रुपमा संचालन हुनेछ ।

**कार्यक्रमको विवरणः** सम्बन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय तथा क्षेत्रिय स्वास्थ्य निर्देशनालयले आफ्नो कार्यालयमा औलो नियन्त्रण कार्यको लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु (जस्तैः स्टेशनरी, प्रिन्टीङ्गको लागि आवश्यक सामाग्री, प्रयोगशाला सम्बन्धि सामाग्री) खरीद तथा अन्य शिर्षक (चिठी पत्र पठाउने, फोटोकपी गर्ने, इन्टरनेट खर्च, कुरियर खर्च इत्यादी) मा खर्च लेख्न सकिने छ ।

**कार्यान्वयन प्रक्रियाः** जिम्मेवार व्यक्तिले आवश्यक सामाग्रीहरुको लिष्ट तयार गरी सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गराई आवश्यक सामाग्री नेपाल सरकारको नियमानुसार खरीद गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदनः** नेपाल सरकारको सार्वजनिक खरीद नियमानुसार

आवश्यक सम्पूर्ण कागजातहरु अभिलेखको रुपमा राख्नु पर्नेछ ।

## ४० विश्व औलो नियन्त्रण दिवस मनाउने तथा औलो नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया

**कार्यक्रमको उदेश्यः** नेपाल सरकारद्वारा प्रतिपादित नेपाल औलो रणनितिक योजना २०१४-२०२५ मा उल्लेख भएका उद्देश्यहरु बारे जिल्ला तथा क्षेत्रीय स्तरमा रहेका सरोकारवालाहरुलाई जानकारी गराई उनीहरुलाई औलो निवारण कार्यमा सहभागी गराउने ।

**अपेक्षित प्रतिफलः जिल्ला तथा** क्षेत्रीय स्तरमा रहेका सरोकारवालाहरुले औलो कार्यक्रमले लिएका उद्देश्यहरु बारे जानकारी प्राप्त गरी औलो निवारण कार्यक्रममा आवश्यक  सहयोग पुऱ्याउने छन् ।

**कार्यक्रमको विवरणः**सम्बन्धित क्षेत्रले आफ्नो क्षेत्रमा रहेका विभिन्न सरोकारवाला संस्थाहरु (शिक्षा, स्वास्थ्य, कृषि, गृह, सिंचाई, स्थानीय विकास, महिला, बालबालिका तथा समाज कल्याण, प्रहरी, सशस्त्र प्रहरी, सैनिक, पत्रकार आदि) का प्रतिनिधिहरु भेला गराई औलो रोगबारे जानकारी दिन अन्तरकृया कार्यक्रम संचालन गर्नेछ ।

**कार्यान्वयन प्रक्रियाः**सो कार्यक्रमको कार्ययोजना तयार गरि कार्यलय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**अभिलेख तथा प्रतिवेदनः** नेपाल सरकारले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको विस्तृत प्राविधिक तथा आर्थिक प्रतिवेदन तयार गरी एक प्रति यस महाशाखामा उपलब्ध गराउनु पर्नेछ ।

## ४१ औलो नियन्त्रण कार्यक्रमको सुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन

औलो फाँटका सुपरभाईजर, मलेरिया इंस्पेक्टर, प्रयोगशालाका कर्मचारी र जिल्ला स्वास्थ्य/जन स्वास्थ्यका प्रमुख मध्येवाट औलो कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण हुनु पर्नेछ । साथै स्थलगत सुपरिवेक्षण तथा अनुगमन समयमा पाईएका विषय वस्तुहरुलाई कार्यालय प्रमुख समक्ष अनिवार्य रुपमा प्रतिवेदन पेस गर्नु पर्नेछ। नियमिति अनुगमनको वेलामा प्रतिवेदन वा सेवा रजिष्टरहरु अध्यावधिक भए नभएको एकिन गरी सकारात्मक पृष्टपोषण लिखित रुपमा दिन

तथा संम्बन्धित रजिष्टरमा उल्लेख गर्नु पर्नेछ । अनुगमन तथा सुपरभिजन आवश्यकता अनुसार औलो ग्रसित क्षेत्रमा हुनु पर्नेछ ।

## ४२ जिल्ला तथा क्षेत्रका कर्मचारीहरुले औलो निवारण कार्यको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्ने

**कार्यक्रमको उदेश्यः** औलो निवारण सम्बन्धि जिल्ला तथा क्षेत्रमा भए गरेका विभिन्न कार्यहरु तोकिएको ढाँचामा प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुऱ्याउने ।

**अपेक्षित प्रतिफलः** औलो निवारण कार्यसँग सम्बन्धित विभिन्न कियाकलापहरु कार्यक्रमले तयार पारेको ढाँचामा प्रभावकारी तथा सहजरुपमा संचालन हुनेछ ।

**कार्याक्रमको विवरणः** सम्बन्धित जिल्ला जन/स्वास्थ्य कार्यालय तथा क्षेत्रिय स्वास्थ्य निर्देशनालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा औलो कार्यक्रम (आमा समूहको बैठक, नागरिक अगुवाहरुको बैठक) मा सहभागी तथा नियमित कार्यक्रमसँग सम्बन्धित रेकर्डिङ्ग रिपोर्टिङ्ग (HMIS ५.२, ५.३, ९.३, ९.४, गर्भवती महिलाहरुलाई बितरणका लागि उपलब्ध गराईएको झूलको बिवरण, औषधी, RDTतथा प्रयोगशालासँग सम्बन्धित बिभिन्न सामाग्रीहरुको मौज्दात) प्रमाणिकरण गर्ने र आवश्यक निर्देशन/सुझाव दिने ।

**कार्यान्वयन प्रक्रियाः** सम्बन्धित कार्यसँग जिम्मेवार व्यक्तिहरु (कार्यालय प्रमुख, कार्यक्रमको सम्पर्क व्यक्ति, तथ्यांक सहायक/अधिकृत, प्रयोगशालासँग सम्बन्धित व्यक्ति, कार्यालय प्रमुखले तोकेको कार्यक्रमसँग सम्बन्धित व्यक्ति) ले अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने स्थान, मिति तथा उदेश्य सहितको कार्ययोजना तयार गरी सम्बन्धित कार्यालयको मातहतमा रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ ।

**अभिलेख तथा प्रतिवेदनः** नेपाल सरकारलाई आवश्यक पर्ने सम्पूर्ण कागजातहरुको साथै उपलब्ध गराइएको ढाँचामा अनिवार्य रुपमा प्रतिवेदन ( Report) तयार गर्नुपर्नेछ ।

## ४३ कालाजार, डेंगू, चिकनगुनया, स्क्रब टाइफस, जीका र अन्य किटजन्य रोग नियन्त्रणबारे स्वास्थ्यकर्मी, म.स्वा.से. तथा अन्य सरोकारवालालाई अभिमूखिकरण/अन्तरक्रिया

यो अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम कालाजार, डेंगु, चिकनगुनिया, स्कप टाईफस ,जीका र अन्य ज्वरोका रोगी वारम्वार भेटिएका तथा नयाँ रोगी भेटिएका स्थानहरु र अन्य कीटजन्य रोगहरु भेटिएका स्थानहरुमा सो रोग नियन्त्रण सम्बन्धमा स्थानीय स्वास्थ्य कर्मी, सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय राजनितिक दल,स्थानीय समाजसेवी, स्वयंम सेवक, पत्रकारहरुको समेत सहभागीतामा कार्यक्रम संचालन गर्नु पर्ने छ । साथै खर्चको सम्वन्धमा चालु आ.व.को चौमासिक वजेट शिर्षकलाई ध्यानमा राखि खर्चको निर्देशिका अनुसार वाडफाड गरि कार्यालय प्रमुखवाट स्वीकृत गराई कार्यक्रम संचालन गर्नु पर्ने छ ।

## ४४ कालाजार माहामारी हुने क्षेत्रमा बिषादि छर्कने खर्च

कालाजारबाट प्रभाबित गा.पालिका./न.पालिका र वडाहरु जहाँएक वा एक भन्दा बढी कालाजारका स्थानीय बिरामीहरु भएका तथा विगत वर्षहरुमा कालाजार रोगी भेटिएका र नयाँ रोगी आउन सक्ने संभावना भएका वडा वा टोलहरुको परियोजना तयार गरी क्षेत्रीय स्वास्थ्य निर्देशनालयवाट स्वीकृत गराई कार्यक्रम संचालन गर्नु पर्दछ ।

**छिड्काउ कार्यक्रम संचालन सम्वन्धि थप मार्गनिर्देशन :**

क) तिन वा चार टिमको एक समुह हुनेछ (एक टिममा एक जना फोरम्यान, चार जना स्प्रे म्यान रहने छ) प्रत्येक समुहमा एक जना बिषादी बितरक रहनेछ । एक टिमले ३० दिनमा कालाजारका लागि ५००० जनसंख्या सुरक्षित गर्नु पर्नेछ ।

ख) स्प्रेईङ्गका लागि आबश्यक पम्प तथा अन्य सरसामान स्प्रे मिति भन्दा अगावै जिल्लाले मर्मत संभार गरी तयारी गर्नु पर्ने ।

ग) स्प्रे म्यान भर्ना गर्दा सकेसम्म स्थानीय र अनुभबी ब्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

घ) स्प्रे कार्यकम संचालन गर्नु पूर्व स्प्रेमेन, फोरमेन तथा बिषादी बितरकलाई

२ दिनको तालीम दिनु पर्ने छ ।

ङ) परियोजना स्वीकृत गराउँदा जिल्लाले विषादी छिड्काउ हुने गा.पालिका. तथा नगरपालिकाका वडाहरु देखिने गरी तयार पारेको नक्सा,वार्ड वाईज रोगी संख्या, मजदुरलाई बितरण गरिने जिल्लाको स्वीकृत नयां ज्याला दररेट, बिषादीको मौज्दात Expiry date, औषधिको मौज्दात,चालु पम्पको संख्या तथा खर्चको बिवरण आवश्यक पर्नेछ ।

छ) पहिलो चरणमा भएको स्प्रेईङ्ग प्रगति प्रतिबेदन एस.पि.आर.४ सम्लग्न हुनु पर्नेछ ।

ज) स्प्रे कार्यक्रममा खर्च भएको कीट्नाशक बिषादिको खाली खोल मुचुल्का उठाई प्रतिनिधि (स्थानीय स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष/सदस्य संबन्धित स्थानीय स्वास्थ्य संस्थाका ईन्चार्ज तथा अन्य कर्मचारी र जिल्ला स्वास्थ्यका प्रतिनिधिहरुको रोहबरमा जलाउनु पर्ने छ र सोको माइन्युटिङ्ग समेत अद्यावधिक गरी राख्नु पर्ने छ ।

झ) बजेट र कार्यक्रम स्पष्ट खुल्ने परियोजना र विषादि छर्कने कार्यक्रम ( SPR 1) तयार गरी पठाउनु पर्नेछ ।

कीटनाशक विषादि छिड्काउका लागि घोल बनाउने तरिका :

छिड्काउका लागि प्रयोग हुने किटनाशक विषादि हेरी  एक पम्पमा ८ लिटर पानीमा  एक पोका मिसाउनु पर्दछ  जसले २०० वर्ग मिटरलाई कभर गर्नेछ ।

## ४५ कालाजार बाहुल्य भएका जिल्लामा क्याम्प सन्चालन गरि खोजपडताल गर्ने

यस कार्य अर्न्तगत कालाजार रोगी भेटिएका नगरपालिका, गाउँपालिका र वडाहरुमा थप कालाजारका रोगी खोजपड्ताल गर्नको लागि यो रकम खर्च गर्न सकिनेछ । जिल्लाले नयाँ रोगी देखिएका वा विगतमा केश भेटिएको स्थानमा खोजपड्ताल क्याम्प संचालन गर्नु पर्ने छ । यसरी क्याम्प संचालन गर्दा क्याम्प संचालन टिममा मेडिकल अफिसर १ जना, जनस्वास्थ्य अधिकृत १ जना हे.अ.,सि.अ.हे.व,अ.हे.व मध्ये १ जना र  ल्या.टे/ल्या.अ. र फोकल १ जना  गरि

जम्मा ४ जनाको टोली हुन पर्नेछ । सो टिममा सम्भव भए सम्म स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरुलाई परिचालन गर्नु पर्नेछ । सो कार्यक्रममा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता नेपाल सरकारको नियमानुसार विनियोजित वजेटको परिधि भित्र रहि खर्च गर्न सकिने छ ।

## ४६ कालाजार प्रभावित जिल्लाका जनस्वास्थ्य कार्यालय र अस्पतालको विचमा मासिक सम्वन्वय गरि कालाजार बिरामीको डाटाबेस तयार गरि केन्द्र मा उपलब्ध गराउने

**कार्यक्रमको उदेश्यः** मासिक बैठक गरि कालाजार सम्वन्धि तथ्यांकको डाटाबेस तयार हुने ।

**अपेक्षित प्रतिफलः** कालाजार प्रभावित जिल्लाहरुमा विरामीको तथ्यांकहरु निरन्तर रुपमा प्राप्त हुनेछ । साथै प्राप्त तथ्यांकहरु तथ्यपरक हुनेछन ।

**कार्यक्रमको विवरणः** जिल्ला जनरस्वास्थ्य र अस्पतालका कालाजार सम्वन्धि कार्य गर्ने स्वास्थ्य कर्मी तथा रेकर्डिङर रिपोर्टिङ कार्यमा संलग्न कर्मचारीहरु विच मासिक समन्वय बैठक गरि कालाजारको तथ्यांकहरु अध्यावधिक गर्नको लागि यस शिर्षकबाट खर्च गर्न सकिने छ ।

**कार्यान्वयन प्रक्रियाः** वैठकका सहभागीहरु पहिचान गरि मासिक रुपमा बैठक आयोजना गर्ने ।

**अभिलेख तथा प्रतिवेदनः** कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रगति विवरण सम्वन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## ४७ कालाजारका रोगीको उपचार तथा केश बेश सर्भिलेन्स / कालाजरका रोगी भेटिएका नयां जिल्लाहरुमा केसको निगरानि तथा सकृय निदान गर्ने

कालाजारका नयाँ विरामी पत्ता लागेको स्थानमा अन्य व्यक्तिहरुमा समेत सो रोग सर्न सक्ने भएकोले संभावित कालाजारका विरामीहरुको खोज पडताल गर्न यो रकम खर्च गर्न सकिनेछ । थप रोगी खोजपड्तालका लागि पहिलो कालाजार रोगी भेटिएको घरलाई आधार मानी Cluster/गाउँ/टोल/वार्डहरुमा कम्तीमा २५ देखि ५० घर सर्भे गरि कार्यक्रम संचालन गर्नु पर्नेछ । उक्त कार्यक्रम संचालन गर्दा

एक पटकमा बढिमा रु २५०००/ (पच्चिस हजार) सम्म खर्च गर्न सकिने छ। उक्त कार्यक्रम एक स्थानमा बढिमा ३ दिनसम्म गर्न सकिनेछ। यस कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरु (Medical officer, VCI/VCS,Lab technician/Lab Assistant) गरि जम्मा ३ जना रहनेछन् र आवश्यकता अनुसार कार्यालय प्रमुख वा निजले तोकेका अन्य स्वास्थ्यकर्मीहरु समेत खटाउन सकिनेछ। खटिएका कर्मचारीबाट केशको खोज पडताल फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ। कार्यक्रममा खट्ने स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउनु पर्दछ।

कालाजार रोगी भेटिएका नँया जिल्लाहरुमा केसको निगरानी तथा सकृय निदान गर्ने कार्यको लागि क्षेत्रमा व.उ.शि.नं. ३७०११९ बाट वजेट विनियोजन गरिएको छ। क्षेत्रले कालाजार रोगी भेटिएका नया जिल्लामा माथि उल्लेखित अनुसार केशको निगरानी तथा सकृय निदान गर्नुपर्ने छ। यस कार्यको लागि सम्वन्धित जिल्लाका माथि उल्लेखित स्वास्थ्यकर्मीहरु परिचालन गर्न सकिने छ।

## ४८ कालाजार विरामीहरुको विभिन्न परिक्षण गर्ने (प्रति केश रू. ५००० सम्म)

कालाजार विरामीहरुको निदानको लागि अस्पतालहरुमा निःशुल्क रुपमा उपलव्ध भएका परीक्षण वाहेक अन्य थप परीक्षणहरु (TC, DC, ESR, HB, Platelets, LFT, RFT, Bone Marrow/Lymph Node Aspiration, USG etc) गर्नुपर्ने र उपचार गर्दा आवश्यक औषधी समेत खरिद गर्नपर्ने भएकोले सो विषयलाई मध्यनजर राखि यस चालु आ.व. देखि कालाजारको निदान तथा उपचार हुने क्षेत्रीय अस्पताल,अञ्चल अस्पतालमा प्रति विरामी रु ५०००।– का दरले वजेट विनियोजित गरिएको छ।

जिल्ला जन स्वास्थ्य/स्वास्थ्य कार्यालय मा विनियोजित रकमको सम्वन्धमा जिल्ला भित्र रहेका मेडिकल कलेज, जिल्ला अस्पताल तथा अन्य अस्पतालहरुलाई कालाजारको निदान तथा उपचार पश्चात प्रति व्यक्ति रु.५०००।- (पाँच हजार) को दरले व्यवस्था मिलाउनु पर्ने छ। उक्त रकमका लागि मेडिकल कलेज तथा अस्पतालहरुले विरामीको विवरण सहित आवश्यक परीक्षण तथा निदानको विवरण जिल्ला जन स्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयमा उपलव्ध गराई

सोधभर्ना माग गर्नु पर्ने छ ।

## ४९ जिल्लाका कालाजार रोगीहरुलाई उपचारका लागि अस्पताल सम्म आउने यातायात खर्च अनुदान (प्रति केश रू १०००)

क. कालाजार रोगीका लागि यातायात खर्च रु.१०००।– (एक हजार) दिइनेछ । उक्त सुविधा नेपाल सरकारले तोकेको स्वास्थ्य संस्थातथा कालाजार रोगीको निदान र उपचार गर्ने अस्पतालहरुबाट उपलब्ध गराउनु पर्नेछ ।

ख. यो सुविधा प्राप्त गर्न नेपाली नागरिक हुनुपर्नेछ । त्यसको लागि नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गनुपर्ने छ । नाबालक भएमा जन्म दर्ता प्रमाण पत्र वा अभिभावकको नागरिकताको प्रमाणबाट पनि भुक्तानी दिन सकिनेछ ।

ग. उक्त रकम र कीटनाशक झुल (LLIN) सम्वन्धित विरामी वा अविभावकले नै बुझ्केको हुनुपर्नेछ । विरामी  नाबालक भएमा बिरामीको एकाघरका आमाबावु वा दाजुभाई वा दिदीबहिनीले पनि बुझ्न सक्नेछन् । यदि उपचारको  क्रममा बिरामीको मुत्यु भएमा मुत्यु भएको प्रमाण पत्र पेश गरेमा निजको एकाघरको कुनै सदस्यलाई दिन बाधा पर्ने छैन ।

घ. उक्त यातायात खर्च तथा LLIN  उपचार पुरा भईसके पछि मात्र उपलब्ध गराउनु पर्नेछ । यसको लागि उपचार पुरा भएको प्रमाणित उपचार गर्ने स्वास्थ्य संस्थाले गर्नु पर्नेछ ।

ङ. यातायात खर्चको अनुगमन गर्ने पूर्ण जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुखको हुनेछ ।

च. उक्त खर्च तथा LLIN को पूर्ण प्रतिवेदन प्रत्येक चौमाशिक समाप्त भएको ७ दिन भित्र सम्वन्धित को.ले.नि.का.,क्षे.स्वा.नि. तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ । प्रतिवेदन नपठाएमा को.ले.नि.का.बाट अर्को चौमाशिक निकाशा रोक्न सक्नेछ ।

छ. यातायात खर्च तथा LLINनिर्देशिका फारमको ढांचामा जिल्ला आफैंले तयार

पारी अध्याबधिक गर्नु पर्नेछ ।

## ५० महामारी/प्रकोपजन्य अवस्थामा आबश्यक पर्ने औषधि तथा औषधि जन्य सामग्री खरिद गरि स्टक पाइलिंग गर्ने / महामारी/विपद ब्यबस्थापनकालागि आबश्यक पर्ने औषधि तथा उपकरण/औजार लगायतका सामग्री खरिद गरि सम्बन्धित ठाउँमा पठाउने

जिल्लामा देखा पर्न सक्ने सम्भावित सरुवा रोगको माहामारी तथा प्रकोपको व्यवस्थापन गर्न आवश्यक पर्ने औषधी उपकरणहरु जिल्ला RRT को वैठकवाट निर्णय गराई मात्र अग्रिम रुपमा खरिद गरी बफर स्टकको रुपमा राख्न यो रकम खर्च गर्न सकिने छ । यस कार्यक्रमको फोकल पर्सन RRT reporting focal person हुनेछ । RRT बैठकबाट नै प्रकोप व्यवस्थापनको लागि आवश्यक पर्ने औषधि उपकरणको लिस्ट तयार गर्नुपर्नेछ । उक्त औषधि वा उपकरण खरिद गरि RRT/CRRT Center मा अग्रिम रुपमा विगतको वर्षहरुको् प्रकोपको स्थिति हेरी स्टक पाइलिङ गरि राख्नु पर्ने छ । प्रकोप वा विपदको अवस्थामा मात्र उक्त औषधि उपकरण प्रयोगमा ल्याउनु पर्नेछ ।

क्षेत्रमा सो अन्तरगतका जिल्लाहरुमा हुन सक्ने महामारी तथा विपद व्यवस्थापनका लागि आवश्यक औषधी तथा उपकरणर औजार लगायतका सामाग्री खरिद गरि प्रभावित स्थानमा पठाउनका लागि व.उ.शि.नं. ३७०११९ बाट वजेट विनियोजन गरिएको छ । क्षेत्रले आवश्यकता अनुसार औषधि उपकरणको लिस्ट तयार गरि नेपाल सरकारको सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्नुपर्ने छ । महामारी तथा विपदको अवस्थामा क्षेत्रबाट सम्वन्धित स्थानसम्म ढुवानीको लागि समेत यसै शिर्षकबाट खर्च गर्न सकिने छ ।

## ५१ विभिन्न अस्पतालहरुमा हाइड्रोसिल बिरामीहरुको अप्रेशन गर्ने

### क) बिभिन्न अस्पताल तथा जिल्लाहरुमा हाइड्रोशिल बिरामीहरुको अप्रेशन गर्ने:

यस शीर्षकमा बिनियोजित बजेटबाट अस्पताल तथा जिल्लाहरुले रु. ५०,०००।- (पचास हजार) सम्म हाइड्रोशिल अप्रेशनको स्थानिय रुपमा

प्रचार प्रसारका (हात्तिपाइले रोग निबारण कार्यक्रम अर्न्तगत हाइड्रोशिल अप्रेशन नि:शुल्क हुने कुरा, अप्रेशन बाट हुने फाइदा, अप्रेशन हुने गते, बार, आदि लगायत) लागि प्रचलित ऐन नियमानुसार स्थानिय पत्रपत्रिका, एफ.एम. रेडियोहरुमा सुचना प्रकाशन/प्रशारण, ब्यानर तथा अन्य सन्देश सामग्री तयार गर्नका लागि खर्च गर्न सक्नेछन् । यसैगरी अस्पतालमा यस शीर्षकमा छुट्याइएको रकमको बढिमा ३ प्रतिशत सम्म खाजा खर्च तथा स्थानिय ब्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ । प्रचार प्रसार, खाजा तथा ब्याबस्थापनमा हुने खर्च कटाइ बाँकि रहने रकम बाट प्रतिकेश रु ६,०००।- का दरले हाइड्रोशिल अप्रेशन गरिनेछ । प्रतिकेश रु ६,०००।- का दरले छुट्याइएको रकम मध्ये हाइड्रोशिल बिरामीको अप्रेशन कार्यका लागि आवश्यक पर्ने औषधि, आवश्यक परीक्षण तथा सामाग्री (लठ्याउने औषधि, एन्टीबायोटिक, एन्टीसेप्टीक जस्ता औषधिहरु तथा सुचरीङ सामग्री, कटन, गज, ग्लोभ्स, ब्लेड, गाउन आदि) किन्न तथा ओटी स्टेरीलाइजेसन कार्यका लागि इन्धन वा केमिकल खरिद कार्य गर्नका लागि सम्बन्धित अस्पताल वा जिल्ला स्वास्थ्य कार्यालयले रु. ३,०००।- (तीन हजार) सम्म खर्च गर्न सक्नेछन्, अप्रेशन गरेको बिरामीलाइ कुनै जटिलता परेमा यही बाँडफाँड परिधि भित्र रहि ब्यवस्थापन गर्नुपर्नेछ भने बाँकि रु ३,०००।- (तीन हजार मात्र) अप्रेशन गर्ने जनशक्ती लाई इन्सेन्टीभको रुपमा भुक्तानी गरिनेछ । अप्रेशन गर्ने टिममा निम्नानुसार जनशक्तीको संयोजन रहनेछ वा सम्बन्धित अस्पतालको अनुकुलतामा तय गर्न सक्नेछ । प्रतिकेश छुट्याइएको इन्सेन्टीभ एकमुष्ठ रु. ३,०००।- (तीन हजार मात्र) सम्बन्धित अस्पताल वा जि.स्वा.का. ले यस कार्यमा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई स्थानिय तहमै बाँडफाँड स्विकृति गरी बितरण गर्नेछ ।

**क) हाइड्रोशिल अप्रेशन गर्न सिफारिस गरिएको टिमको संयोजन:**

हाइड्रोशिल अप्रेशन गर्ने टिम (६ जना)

- अप्रेशन गर्ने डाक्टर (Surgeon/MDGP/MO) - १ जना ।
- सहयोगी स्वास्थ्यकर्मी (मे.अ./हे.अ./स्टाफ नर्स/ सि.अ.हे.व./ अ.हे.व./ सि.अ.न.मी./अ.न.मी.) - ३ जना ।
- अस्पतालले तोकेको फोकल पर्सन (आवश्यक समन्वय, दर्ता तथा प्रतिवेदन कार्यका लागि) - १ जना ।
- कार्यालय सहयोगी/हेल्पर - १ जना ।

**जम्मा -६ जना ।**

ख) हाइड्रोशिल अप्रेशन गर्नका लागि माथि क अनुसार प्रस्ताव गरिएको टिम भन्दा फरक खालको टिमबाट काम गर्न सम्बन्धित अस्पताललाई अझ प्रभावकारी, सरल तथा गुणस्तरीय हुने लागेमा र समयमै अपेक्षित प्रतिफल हासिल हुन सक्ने देखिएमा अस्पतालले आफैं दक्ष टिम तयार गरी कार्य गर्न सक्नेछ ।

अस्पताल तथा जिल्लाहरुमा बिनियोजित स्विकृत रकमबाट दिइएको लक्ष्य पुरा गर्नका लागि सम्बन्धित अस्पताल तथा जिल्ला स्वास्थ्य कार्यालयहरुले प्रतिकेश रु. ६,०००।- मा नबढ्ने गरी सोही परिमाण भित्र आवश्यक बाँडफाँड गरी आफ्नो कार्यक्षेत्र भित्र घुम्ती शिबिरहरु पनि संचालन गर्न सक्नेछ । यसैगरी तोकिएको लक्ष्य तोकिएकै समय भित्र सम्पन्न गर्नका लागि आफ्नो अस्पताल तथा जिल्ला स्वास्थ्य कार्यालयले नसक्ने देखिएमा आफ्नो क्षेत्रको पायक पर्ने स्थानमा गुणस्तरीय रुपमा उल्लेखित अप्रेशन गर्न सक्ने सरकारी वा सामुदायिक अस्पताल, मेडिकल कलेज र गैर सरकारी अस्पतालहरु भएमा प्रचलित आर्थिक ऐन बमोजिम आवश्यक सम्झौता गरी प्रतिकेश तोकिएको रकममा नबढ्ने गरी ती अस्पतालहरुबाट पनि अप्रेशन कार्य गराउन सक्नेछ ।

# ५२ हात्तीपाइले इन्डेमिक जिल्लामा मोर्वीडिटी म्यापिं गर्ने

**क) जिल्ला स्तरः**

Morbidity Mapping तथा Mordity Management & Disability Prevention (MMDP) को कार्य क्रमशः सबै हात्तीपाईले ईन्डेमिक जिल्लाहरुमा गरिनेछ । उल्लेखित कार्य यस आ. व. २०७४/७५ मा र्कायक्रम परेका जिल्लाहरुमा गरिनेछ । उक्त जिल्लाहरुले EDCD को समन्वयमा गोष्ठीहरु संचालन गर्नुपर्नेछ । Morbidity management र Mordity Mapping सम्बन्धि तालिम सामाग्री तथा आवश्यक फाराम लगायत छपाई/फोटोकपि सम्बन्धि कार्य गर्न यसै शीर्षकमा रहेको रकमबाट आवश्यकता बमोजिम खर्च गर्न सकिनेछ । सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयहरुले फिल्डमा महिला स्वास्थ्य स्वयं सेविकाले LF Morbidity को बिबरण संकलन गर्ने कार्यको प्रतिवेदन लिने तथा अनुगमन कार्य गर्नका लागि प्रत्येक स्वास्थ्य संस्थाबाट १ जना इन्चार्ज र १ जना मोबाईल फोन सम्बन्धि राम्रो ज्ञान भएको स्वास्थ्यकर्मी तोक्नुपर्नेछ, तोकिएका २ जना स्वास्थ्यकर्मीरुका लागि जिल्ला तथा पाएक पर्ने स्थान ( न.पा./गा.पा./प्रा.स्वा.के. /स्वास्थ्य चौकी/रिपोर्टिङ सेन्टर) मा एक दिने अभिमुखिकरण सञ्चालन हुनेछ भने तथ्याङ्क संकलनका लागि महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई स्थानिय तहमा एक दिने अभिमुखिकरण सञ्चालन हुनेछ । स्वयं सेविका बाट प्राप्त Morbidity Report तोकिएका स्वास्थ्यकर्मीले SMS प्रकृया गरी केन्द्रमा पठाउनु पर्नेछ, जसका लागि प्रति व्यक्ती ( तोकिएका स्वास्थ्यकमी) रु. ३००।- का दरले रिचार्ज कार्ड उपलब्ध गराउन सकिनेछ । छपाइ गर्ने सामग्रीको नमुना EDCD ले उपलब्ध गराउनेछ । यस कार्यक्रममा मेडिकल अफिसर तथा जिल्ला सम्पर्क ब्यक्ती श्रोत व्यक्ति रहनेछन । श्रोत व्यक्ति को प्रशिक्षण भत्ता रु.७००/ कार्यालय सहयोगी भत्ता रु. १५०, स्टेशनरी रु.१००, खाजा खर्च रु. २००, प्रशिक्षण सामग्री तथा ब्यानरमा रु. १००० सम्म र SMS प्रकृया द्वारा कार्यक्रम गरिने भएमा मोबाईल रिचार्जको लागि आवश्यक रकम यसै शीर्षकमा रहेको रकमबाट खर्च हुनेछ ।

**ख) स्थानिय स्तरः**

स्थानिय/समुदाय स्तरमा तथ्याङ्क संकलनका लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई एक दिने अभिमुखिकरण सञ्चालन हुनेछ, सो अभिमुखिकरणमा बांकी स्वास्थ्यकर्मीहरु समेत सहभागि हुनेछन भने तोकिएका २ जना स्वास्थ्यकर्मीरु प्रशिक्षक हुनेछन । स्वास्थ्य स्वयं सेवकहरुको अभिमुखिकरणमा सहभागी महिला स्वास्थ्य स्वयम सेविका प्रत्येकले आ-आफ्नो कार्यक्षेत्र भित्र ३ दिन सम्म भ्रमण गरी LF Morbidity को यथार्थ विवरण संकलन गर्नेछन् र बिबरण संकलन गरी केन्द्रमा पठाउन तोकिएका स्वास्थ्यकर्मीहरुलाई पेश गर्नेछन् । सम्बन्धित स्वास्थ्यकर्मीले जिल्ला मार्फत केन्द्रमा विवरण पठाउनेछन् । स्थानिय स्वास्थ्य संस्था बाट तोकिएका २ जना स्वास्थ्यकर्मीले स्वयं सेबिकाहरुसंग विवरण संकलन गरी केन्द्रमा पठाउने तथा स्वयम सेविकाको फिल्ड कार्यमा सहयोग तथा अनुगमन कार्य गर्नुपर्नेछ । ३ दिन सम्म तथ्याङ्क संकलन तथा अनुगमन कार्य गर्ने स्वास्थ्यकर्मीहरुलाई दैनिक रु. ५००।- र महिला स्वास्थ्य स्वयं सेविका लाई दैनिक रु. ४००।- का दरले प्रति व्यक्ती स्थानिय यातायात खर्च यसै शीर्षकबाट भुक्तानी गर्नुपर्नेछ। श्रोत व्यक्ति को प्रशिक्षण भत्ता रु.६००/ कार्यालय सहयोगी भत्ता रु. १५०, स्टेशनरी रु.५०, खाजा खर्च रु. २००, प्रशिक्षण सामग्रीमा प्रति समुह रु. ३०० सम्म यसै शीर्षकमा रहेको रकमबाट खर्च हुनेछ ।

**ग) प्रमाणिकरण (Verification) कार्य गर्नेः**

स्थानिय स्तरमा स्थानिय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाबाट भैरहेको उल्लेखित MMDP कियाकलाप तथा Mapping कार्यको कार्य हुँदै गर्दा जिल्ला तहबाट अनुगमन कार्य गनुपर्नेछ, साथै Mapping कार्य सम्पन्न भैसकेपछि प्रतिवेदन गरिएका जम्मा बिरामी संख्या मध्ये करिव १० प्रतिशत बिरामीहरुको Clinical Verification गरी केन्द्रमा प्रतिवेदन गर्नुपर्नेछ । Verification तथा अनुगमन कार्य जिल्ला स्वास्थ्य प्रमुख तथा मेडिकल अधिकृतहरुको नेतृत्वमा सम्बन्धित कार्यकम फोकल पर्सन र क्लिनिकल सेक्टरमा काम गरेका स्वास्थ्यकर्मीहरुको समुह बनाइ गर्नुपर्नेछ । सो कार्यका लागि खर्च हुने दै.भ्र.भ. तथा यातायात खर्च नेपाल सरकारको नियमानुसार यसै शीर्षकमा रहेको रकम बाट खर्च गर्न सकिनेछ ।

## ५३ हात्ती पाइलेको औषधि खुवाउने कार्य प्रचार प्रसारका लागि पत्रकार र स्थानीय तहमा अन्तरक्रिया, माइकिङ र स्कुल शिक्षा कार्यक्रम

**क) जिल्ला स्तरीय जनचेतना अभिबृद्धी अन्तरक्रियात्मक कार्य :**

जिल्ला स्तरका जिल्ला समन्वय समितिका पदाधिकारीहरु, न.पा./गा.पा. का प्रमुख, उपप्रमुख, सरकारी, गैर-सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु, शिक्षक, बुद्धिजीवीहरु, ब्यापारी संगठन, सैनिक, सशस्त्र प्रहरी, प्रहरी, रेडक्रस, बिभिन्न क्लव, बिभिन्न राजनैतिक पार्टीका प्रतिनिधिहरु, महिला संघ, नीजि स्वास्थ्य संस्थाका प्रतिनिधि, बिभिन्न बर्गीय संगठन तथा सामाजिक कार्यकर्ता जस्ता प्रतिनिधि समाबेश हुने गरी करीब ४५ जना जतिको सहभागिता गराई हात्तीपाइले रोग निबारण कार्यक्रम तथा सेवन गर्नु पर्ने औषधि बाट हुने फाइदा र असर बाट हुन सक्ने प्रभाव आदि बारे जानकारी गराउन एक दिने अर्न्तक्रिया कार्यक्रम गर्नुपर्नेछ । यो अन्तरक्रिया कार्यक्रम नेपाल सरकारले औषधि खुवाउनका लागि तोकिएको दिन भन्दा कम्तीमा एक हप्ता अगाडी गर्नुपर्नेछ । यस कार्यक्रममा सहभागीलाई दैनिक भ्रमण भत्ता दिइने छैन तर प्रति सहभागीको खाजा वापत रु.२००।- र स्टेशनरी वापत रु.१००।- साथै प्रति सहभागी स्थानिय यातायात खर्च (आतेजाते) बापत रु. ४००।- सम्म खर्च गर्न सकिनेछ । अन्तरक्रिया कार्यमा बिषयगत प्रस्तुत गर्ने र सहभागीबाट सोधिएका प्रश्नहरुको जवाफ दिनका लागि प्रशिक्षकको रुपमा तीन जना सम्बन्धित बिषयमा तालिम प्राप्त कर्मचारीलाई खटाउनु पर्नेछ । उक्त प्रशिक्षकलाई प्रति ब्यक्ति रु ७००।- र कार्यालय सहयोगीलाई रु. १५०।- का दरले भुक्तानी दिनु पर्नेछ । यस कार्यक्रममा लाग्ने ब्यानर र प्रशिक्षण सामग्रीमा बढीमा रु. १५००।- सम्म र हलभाडामा बढीमा रु. २५००।- सम्म यसै शीर्षकमा छुट्याईएको रकमबाट खर्च गर्न सकिनेछ ।

**ख) स्थानीय स्तरीय (गा.पा.) जनचेतना अभिबृद्धि अन्तरक्रियात्मक कार्य :-**

गा.पा.का प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, बिषयगत शाखाका प्रमुखहरु, सरकारी तथा गैर-सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु, शिक्षक, बुद्धिजीवीहरु, ब्यापारी बर्ग, प्रहरी, रेडक्रस, बिभिन्न क्लव, बिभिन्न राजनीतिक पार्टीका

प्रतिनिधिहरु, महिला संघ, आमा समुह, नीजि स्वास्थ्य व्यवसायीहरु, सामाजिक कार्यकर्ता आदि बाट प्रतिनिधिहरु समाबेश हुने गरी सरदरमा ४० जनाको सहभागिता गराई हात्तीपाइले रोग निवारण कार्यक्रम तथा सो रोग बारे र सेवन गर्नु पर्ने औषधिबारे छलफल गर्नुपर्नेछ । यो अर्न्तक्रिया कार्यक्रम नेपाल सरकारले औषधि खुवाउनका लागि तोकिएको दिन भन्दा केहि दिन अगाडी गर्नु पर्नेछ । कार्यक्रममा सहभागीलाई दैनिक भ्रमण भत्ता दिइने छैन तर प्रति सहभागीको खाजा वापत रु.२००।, स्टेशनरी बापत प्रति ब्यक्ती रु. ५०। र प्रति सहभागी स्थानिय यातायात खर्च (आतेजाते) बापत रु. ४००।- सम्म खर्च गर्न सकिनेछ । सो अर्न्तक्रिया कार्यक्रम सम्बन्धित गाउंपालीका रहेका स्वास्थ्य संस्थामा गर्नु पर्ने र सो स्वास्थ्य संस्थाका ईन्चार्जले बिषयगत प्रस्तुती गर्नु पर्नेछ । यस अर्न्तक्रियामा बिषयगत प्रस्तुति गर्ने श्रोत व्यक्तीलाई रु. ६००।- र कार्यालय सहयोगीलाई रु. १५०।- का दरले खर्च गर्न सकिने छ ।

**ग) नगरपालिका/उपमहानगरपालीका/महानगरपालीका स्तरिय जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रम :-**

न.पा./उ.म.न.पा./महानगरपालीकाका प्रमुख, उपप्रमुख, बिषयगत शाखाका प्रमुखहरु, सरकारी तथा गैर सरकारी कार्यालयका प्रतिनिधिहरु, न.पा./उप म.न.पा./म.न.पा. मा रहेका राजनैतिक दलका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, न.पा./म.न.पा.मा रहेका सरकारी कार्यालयका प्रतिनिधि, न.पा./म.न.पा.का बिद्यालय तथा कलेजका प्रतिनिधि, आमा समुह, महिला संगठनका प्रतिनिधि, सामाजिक कार्यकर्ताहरु समाबेश गरी करिव ४० जना सम्म सहभागी गराई कार्यक्रम गर्नुपर्ने छ । यस कार्यक्रममा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले तोकेका दुई जना श्रोत ब्यक्तीले बिषय बस्तु प्रस्तुत गर्नेछन् । श्रोत ब्यक्तिलाई रु.६००।- र कार्यालय सहयोगी लाई रु.१५०।- का दरले भत्ता दिन सकिनेछ । यसैगरी खाजा खर्च वापत प्रति ब्यक्ती रु. २००।- सम्म खर्च गर्न सकिने छ र स्टेशनरी वापत प्रति ब्यक्ति रु.५०।- साथै प्रति सहभागी यातायात खर्च ( आतेजाते) बापत रु.४००।- का दरले भुक्तानी दिईनेछ । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्री तथा ब्यानरमा बढीमा रु १०००।- सम्म यसै शीर्षकमा छुट्याईएको रकमबाट खर्च गर्न सकिनेछ ।

**घ) गाउंपालीका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा स्तरिय जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रम :-**

गा.पा./ न.पा/उ.म.न.पा./म.न.पा.का प्रत्येक वडाहरुमा वडा अध्यक्ष, वडा सदस्यहरु, वडा कार्यालयका प्रतिनिधिहरु, वार्डमा रहेका राजनैतिक दलका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, वार्डमा रहेका सरकारी कार्यालयका प्रतिनिधि, बिद्यालय तथा कलेजका प्रतिनिधि, आमा समुह, महिला संगठनका प्रतिनिधि, सामाजिक कार्यकर्ताहरु समाबेश गरी कम्तीमा २५ जना सम्म सहभागी गराई कार्यक्रम गर्नुपर्नेछ । यस कार्यक्रममा दुई जना श्रोत ब्यक्तिले बिषयबस्तु प्रस्तुत गर्नेछन् । श्रोत ब्यक्तिको ब्यबस्थापन स्थानिय स्वास्थ्य संस्थाले गर्नेछ । श्रोत ब्यक्तिलाई प्रति ब्यक्ति रु. ६००।- र कार्यालय सहयोगी लाई रु. १५०।- का दरले भत्ता दिन सकिनेछ । यसैगरी खाजा वापत प्रति ब्यक्ति रु. २००।- र स्टेशनरी वापत प्रति ब्यक्ति रु. ५०।- साथै प्रति सहभागी यातायात खर्च (आतेजाते) बापत रु. ४००।- का दरले भुक्तानी दिईनेछ ।

**ङ) स्कुल स्वास्थ्य शिक्षा कार्यक्रम :-**

जिल्ला भित्रका स्कूल तथा कलेजहरुमा हात्तीपाइले (फाईलेरिया) रोग निवारणका बारेमा आबश्यकता अनुसार जिल्ला जन/स्वास्थ्य कार्यालय र स्थानिय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुबाट स्कुल तथा कलेजहरुमा नै गई स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । सो कार्यक्रम सञ्चालन गरे बापत प्रति कक्षा रु.५००।- प्रदान गरिने छ । प्राप्त हुने सो रकममा नेपाल सरकारको नियमानुसार १५ % अग्रीम कर कट्टी गरिनेछ । कार्यकम सञ्चालन गर्दा स्वास्थ्य संस्थालाई प्राप्त हुने कक्षा संख्यालाइ उच्च मा.वि., मा.वि., नि.मा.वि तथा प्रा.वि. हरुमा कमशः प्राथमिकता निर्धारण गरि सञ्चालन गर्नुपर्नेछ । यो कार्यक्रम बर्ष भरी नै सञ्चालन हुनेछ ।

**च) पत्रकार सम्मेलन तथा अर्न्तक्रियाः**

जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले औषधि खुवाउने दिन भन्दा ८–१० दिन अगाडी पत्रकार सम्मेलन गर्नुपर्नेछ । उक्त पत्रकार सम्मेलनमा पत्रकारहरुलाई हात्तीपाइले रोग निवारण कार्यक्रम संचालनको लागि जिल्लामा कार्यरत रहेका बिभिन्न स्तरका स्वास्थ्यकर्मीहरुलाई तालिम दिने काम सम्पन्न भैसकेको, बुथमा

तथा घर-घरमा गई स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवकहरुले प्रत्यक्ष निगरानीमा औषधि खुवाउने कार्य हुन गइरहेको ब्यहोरा उल्लेख गर्नुका साथै यो कार्यक्रम किन आबश्यक पर्‍यो ? हात्तीपाइले रोग के हो ? यसको लागि प्रयोग हुने औषधि चक्कीहरु क-कसले कति चक्की सेवन गर्नु पर्ने हो, कस्ता ब्यक्तिहरुले औषधि सेवन गर्न नहुने हो, औषधि सेवनबाट हुने फाइदा र यसबाट हुन सक्ने नराम्रो असर (Side effects), त्यसको ब्यबस्थापन र अन्य सम्बन्धित कार्यहरुबारे बिस्तृत रुपमा जानकारी गराउन आबश्यक छ। उक्त पत्रकार अन्र्तक्रियामा करिब ३० जना विभिन्न मिडियाहरुबाट जस्तै टेलिभिजन, रेडियो, एफ.एम., दैनिक तथा साप्ताहिक पत्रपत्रिकाका पत्रकारहरुलाई सहभागी गराई अन्र्तक्रिया गर्नुपर्नेछ । प्रति पत्रकार सहभागीलाई यातायात खर्च (आतेजाते) स्वरुप रु. ४००।- को दरले दिइने र त्यस्तै प्रति सहभागीलाई रु. २००।- को खाजा र रु. १००।- को स्टेशनरी खर्च गर्न सकिनेछ । अन्र्तक्रिया कार्यक्रममा तीन जना श्रोत व्यक्तिलाई रु. ७००।- का दरले र कार्यालय सहयोगीलाई रु. १५०।- खर्च गर्न सकिनेछ। यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्री र ब्यानरमा बढीमा रु. १५००।- सम्म, र हलभाडामा बढीमा रु. २५००।- सम्म यसै शीर्षकमा छुट्याईएको रकमबाट खर्च गर्न सकिनेछ। उल्लेख भए अनुसारका पत्रकार अन्र्तक्रिया सुनसरी, झापा, मोरङ, ललितपुर, बाके, दाङ, सुर्खेत, डडेलधुरा, डोटी कैलाली र कञ्चनपुरले कम्तिमा ४५ जना पत्रकार सहभागी गराई गराउनु पर्नेछ । पत्रपत्रिका, एफ.एम. रेडियो तथा स्थानिय टेलिभिजनहरुले प्रकाशन/प्रशारण गर्ने सामग्रीको नमुना तयार गरि बितरण गर्ने कार्य समेत यसै कार्यकममा गर्नुपर्नेछ।

**छ) माइकिङ्ग :-**

महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुमा हात्तीपाइले रोग निबारण कार्यकम आम औषधि सेवन अभियानको शन्देश तथा अभियान मितिका बारेमा वडा तथा टोल टोल सम्म पुगी कम्तिमा २ पटक दोहोरिने गरी (दुई राउण्ड) माइकिङ्ग गर्नु गराउनु पर्नेछ। माइकिङ्ग औषधि खुवाउने दिन भन्दा केहि दिन अगाडी देखि शुरु गर्नुपर्नेछ। माईकिङ्गका लागि प्रत्येक जिल्लालाइ प्राप्त कुल रकमबाट जिल्लामा रहेका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुमा यथोचित बितरण गरि गराउन सक्नेछ । माईकिङ्ग प्रभाबकारी रुपमा गर्नको लागि जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले स्थानिय निकायसंग

समन्वय गरी गर्नुपर्नेछ । यस शीर्षकमा छुट्याइएको रकमबाट सडक नाटक, र्‍यालि जस्ता चेतनामूलक कार्यक्रम समेत गर्न सकिनेछ । माइकिङ्ग गर्दा प्रचलित आर्थिक ऐन नियम अनुसार प्रकिया गरी माइकिङ्ग कार्य गर्नु गराउनु पर्नेछ ।

## ५४ हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए.) को समीक्षा तथा योजना गोष्ठी

### क) क्षेत्रिय स्तरमा संचालन गरीने योजना तर्जुमा तथा समिक्षा :–

क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरुले आफ्नो क्षेत्र भित्र पर्ने हात्तीपाइले रोग निबारण कार्यक्रम लागु भएका जिल्ला स्वास्थ्य/ जन स्वास्थ्य बाट कम्तीमा ३ जना ( प्रमुख, मेडिकल अधिकृत र फोकल पर्सन), आफ्नो क्षेत्र भित्रका हात्तीपाइले रोगको प्रकोप भएका जिल्लाहरुमा रहेका अस्पतालहरुबाट मे.सु. र क्षेत्रिय मेडिकल स्टोर प्रमुख लाई समाबेश गरी सम्बन्धित क्षेत्रिय स्तरको २ दिने योजना तर्जुमा तथा १ दिने समिक्षा गोष्ठी संचालन गर्नुपर्नेछ । योजना तर्जुमा गोष्ठी तोकिएको आम औषधि सेवन अभियानको मिति भन्दा कम्तीमा २ महिना अगाडीनै सम्पन्न गरीसक्नु पर्नेछ भने आम औषधि सेवन कार्य सम्पन्न भएको एक महिना पछि समिक्षा गोष्ठी संचालन गर्नुपर्नेछ । योजना तर्जुमा तथा समिक्षा गोष्ठीहरु इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा तय गरी संचालन गर्नुपर्नेछ । साथै आम औषधि सेवन कार्यक्रम संचालनमा रहेका जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयबाट अस्पतालहरुबाट र क्षेत्रिय मेडिकल स्टोरबाट गोष्ठीमा सहभागि हुनेहरुको दै. भ्र. भ. तथा यातायात खर्च क्षेत्रिय निर्देशनालयहरुबाट भुक्तानी हुने गरि बजेट ब्यवस्थापन गरिएको छ । यस शीर्षकमा क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरुमा रहेको स्विकृत बजेट रकम बाट नेपाल सरकारको नियमानुसार बाँडफाँड गरी संचालन गर्नुपर्नेछ ।

### ख) जिल्ला स्तरमा संचालन गरिने योजना तर्जुमा गोष्ठी :–

जिल्ला स्तरमा रहेका स्वास्थ्य सम्बन्धि कार्य संचालन गरिरहेका गैरसरकारी संघ/संस्था, प्राइभेट अस्पताल तथा नर्सिङ्गहोमहरु, सरकारी अस्पतालका प्रतिनिधि, प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख (अनिबार्य उपस्थिति), गा.पा./न.पा. का स्वास्थ्य शाखा संयोजक र जिल्ला जन/स्वास्थ्य कार्यालयका प्रमुख लगायत जिल्ला सुपरभाईजरहरु, लेखा , स्टोर र प्रशासनका कर्मचारीहरु गरी कम्तीमा ३० जना

सम्म सहभागी रहने गरी एक दिन विगतमा एम.डी.ए. संचालन गर्दाको समीक्षा गर्दै अगामी दिनको लागि जिल्ला भरिको योजना बनाउनु पर्नेछ । यस गोष्ठीमा सहभागी हुने प्राविधिक कर्मचारीहरु जिल्ला स्तरमा हुने स्वास्थ्यकर्मी तथा स्वस्थ्य स्वयं सेबिका/स्वयं सेवकहरुको तालिममा प्रशिक्षक हुने हुँदा आवश्यक बिषयगत प्रस्तुतीहरु गरिनेछ । यस कार्यक्रममा सहभागीहरुलाई खाजा वापत प्रति व्यक्ती रु. २००।- र स्टेशनरी वापत प्रति व्यक्ति रु. १००।- सम्म खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्र र गा.पा./न.पा. बाट सहभागी हुने स्वास्थ्यकर्मीहरुको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च नेपाल सरकारको नियमानुसार यसै शीर्षकमा छुटयाईएको रकमबाट खर्च गर्नु पर्नेछ । स्थानिय सहभागीहरुको लागि रु. ५००।- सम्म भत्ता दिन सकिनेछ । कार्यक्रममा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख एक जना, अस्पताल प्रमुख/मेडिकल अधिकृत एक जना र कार्यक्रमका फोकल पर्सन एक जना गरी जम्मा तीन जना प्रशिक्षक वा श्रोत व्यक्तिको रुपमा रहनेछन । श्रोत व्यक्तिको प्रशिक्षण भत्ता प्रति ब्यक्ति रु. ७००।- र कार्यालय सहयोगीलाई रु. १५०।- सम्म खर्च गर्न सकिनेछ । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्री र ब्यानरमा बढीमा रु. १०००।- सम्म यसै शीर्षकमा छुट्याईएको रकमबाट खर्च गर्न सकिनेछ ।

**ग) स्वास्थ्यकर्मीहरुको लागि जिल्ला/न.पा./गा.पा./रिपोर्टिङ केन्द्र स्तरमा संचालन गरीने योजना तर्जुमा तथा समिक्षा गोष्ठीः**

जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालय अर्न्तगतका सबै स्वास्थ्य संस्थाहरुमा काम गर्ने सबै स्वास्थ्यकर्मीहरुको लागि जिल्ला स्वास्थ्य/जन स्वास्थ्य ले हात्तीपाइले रोग निबारण कार्यक्रम आम औषधि सेवन अभियानको पुनर्ताजगी अभिमुखिकरणको रुपमा १ दिने योजना तर्जुमा तथा समिक्षा गोष्ठी सञ्चालन गर्नु पर्नेछ । प्रति समुहमा सरदरमा २० देखि २५ जना स्वास्थ्यकर्मीहरु सहभागी हुने छन् । सो गोष्ठीमा सम्बन्धित स्वास्थ्य संस्थाहरुमा बिगत बर्षमा सञ्चालन गरिएको आम औषधि सेवन कार्यक्रमको समिक्षा गर्दै यस बर्ष सञ्चालन गर्नु पर्ने आम औषधि सेवन अभियानको समग्र योजना तर्जुमा गरिनेछ । सो कार्यक्रममा तीन जना प्राबिधिक स्वास्थ्यकर्मीहरु प्रशिक्षक रहनेछन् । एक जना कार्यालय सहयोगीले कार्यक्रममा सहयोग गर्नेछन् । श्रोत व्यक्तिको प्रशिक्षण भत्ता रु.७००। कार्यालय सहयोगी भत्ता रु. १५०।, स्टेशनरी रु.१००।, खाजा खर्च रु. २००।,

प्रशिक्षण सामग्री तथा ब्यानरमा रु. १०००। र र हलभाडामा आवश्यकता भएका ठाउंमा मात्र रु. १५००। सम्म यसै शीर्षकमा रहेको रकमबाट खर्च हुनेछ। यस कार्यक्रममा सहभागी हुने स्वास्थ्यकर्मीहरुको दै.भ्र.भ तथा यातायात खर्च नेपाल सरकारको नियम अनुसार यसै शीर्षकबाट उपलब्ध गराउनु पर्नेछ। साथै गोष्ठी संचालन गर्ने स्थान भने सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले यस शीर्षकमा रहेको बजेट सिमा र अभिमुखिकरण तथा अभियान कार्यको प्रभावकारीता लाई मध्य नजर गर्दै जिल्लाकै अनुकुलतामा तय गरी जिल्ला/न.पा./गा.पा./रिपोर्टिङ केन्द्र मा सञ्चालन गर्नुपर्नेछ।

## ५५ हात्ती पाइले रोगका विरामीहरूलाई वासकिट वितरण

यस शिर्षकको वजेट दातृ निकायबाट हालको लागि रोक्का गरिएको जानकारी प्राप्त हुन आएकोले खर्च गर्न नमिल्ने र यदि दातृ निकायबाट रकम निकासा भई आएमा यस क्रियाकलाप सञ्चालन सम्वन्धि निर्देशिका पछि उपलव्ध गराईने छ।

## ५६ विभिन्न अस्पतालहरुमा हाइड्रोसिल बिरामीहरुको अप्रेशन गर्ने

यस शीर्षकको बजेट खर्च माथी कार्यकम क.सं. ५१ मा उल्लेख भए अनुसार हुनेछ।

## ५७ हात्ती पाइले रोग निवारण कार्यक्रमको औषधि सेवनबाट गम्भीर असर देखिएका तथा हाइड्रोसिल अप्रेशनको जटिलता देखिएकाको उपचार गर्ने

हात्तीपाइले रोग निवारण कार्यक्रम अन्तर्गत आम औषधि (Diethylcarbamazine र Albendazole) सेवन गर्नेहरु मध्ये कसैलाई प्रतिकुल असर देखिएमा अथवा विरामी गम्भीर हुन गएमा स्थानिय स्वास्थ्य संस्था वा अस्पतालहरुमा उपचार गराउनु पर्ने हुन्छ, सरकारी स्वास्थ्य संस्थाहरुमा सबैजसो उपचार निःशुल्क हुने भएता पनि कहिलेकाहीँ गैरसरकारी निकायमा उपचार गराउनुपर्ने, तथा सरकारी स्वास्थ्य संस्थामै पनि आवश्यक परिक्षणका लागि लाग्ने खर्च तथा निशुल्क औषधि बाहेकका औषधि खरिद गनुपर्ने भएमा हुने खर्च यसै शीर्षकमा छुट्याईएको रकमबाट गरिनेछ। प्रति असर ब्यबस्थापनका लागि अस्पतालहरुमा पनि यस

शीर्षकमा बजेट बिनियोजन गरीएको छ । अस्पतालहरुले यस शीर्षकमा बिनियोजित रकम औषधि उपकरणमा, प्रयोगशाला तथा बिरामी परिक्षणमा, एम्बुलेन्स सेवा साथै कार्यकम सञ्चालनका समयमा थप स्टाफहरु डिउटीमा खटाउनुपर्ने भएमा खर्च गर्न सकिनेछ, साथै जिल्ला अस्पतालहरुमा निःशुल्क हाईड्रोशिल अप्रेशन गरिएका बिरामीहरुको जटिलता उत्पन्न भइ रिफर भई आएमा सो को व्यवस्थापन गर्नुपरेमा समेत खर्च गर्नुपर्नेछ । जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयहरुले कार्यकम सञ्चालन गरिने स्वास्थ्य संस्थाहरुका लागि प्रति असर ब्यवस्थापनका लागि आवश्यक औषधिहरु अग्रिम खरिद गरि पठाउन र प्रति असर व्यवस्थापनका लागि RRT परिचालन गर्नु पर्ने भएमा पनि सो शीर्षक बाट गर्न सकिनेछ । यस शीर्षकमा क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरुमा समेत बजेट बिनियोजन गरिएकोले जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयहरुमा रहेको बजेट नपुग भएमा क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरु संग समन्वय गरि ब्यवस्थापन गर्न सकिनेछ । साथै क्षेत्रहरुमा यो शीर्षकमा रहेको बजेट क्षेत्र अन्तरगत MDA सञ्चालन भएका जिल्लाहरुमा हुनसक्ने SAE ब्यवस्थापन तथा अस्पतालहरुमा हाईड्रोशिल अपरेशन पश्चात हुनसक्ने जटिलता ब्यवस्थापनमा खर्च गर्नपर्नेछ ।

नोटः आर .टी.आई. – एन.टी.डी. बाट आर्थिक तथा प्राविधिक सहयोग भएका जिल्लाहरूमा यो शीर्षकबाट हात्तीपाईले रोग निवारण कार्यक्रमको औषधि सेवनबाट असर तथा गम्भिर असर देखिएकाहरूको उपचारमा मात्र खर्च गर्न सकिनेछ

***नोटः ललितपुर जिल्लाको हकमा आम औषधि सेवन कार्य तथा आम औषधि सेवन संग सम्बन्धित कियाकलापहरु उप-महानगर पालीका क्षेत्रमा हुने छैनन् ।***

**आ.ब. २०७४/७५ (सन् २०१७/२०१८) को हात्तिपाईले रोग निवारण कार्यक्रमको अभिमुखिकरण र आमऔषधि सेवनअभियानमा जिल्लाअनुसार परिचालनहुने जनशक्तिको लक्ष्य बिवरण (सरदरमा पहाडमा ४० घरधुरीमा र तराइमा ५० घरधुरीमा १ जना स्वयम सेवक रहने)**

| सि.नं. | जिल्ला | योजनातर्जुमा तथा समिक्षा गोष्ठीमा सहभागीहुने तथा आम औषधि सेवनमा परिचालन हुने स्वास्थ्यकर्मीहरुको जम्मा संख्या | आम औषधि सेवनअभियानको अभिमुखिकरणमा सहभागी हुने तथा औषधि खुवाउने कार्यमा परिचालन हुने स्वास्थ्य स्वयम सेवकहरुको संख्या |
|---|---|---|---|
| १ | भोजपुर | ४४४ | १११४ |
| २ | धनकुटा | २७५ | ११५५ |
| ३ | ईलाम | ३६१ | १९४४ |
| ४ | झापा | ३९२ | ३७८६ |
| ५ | मोरङ | ४९९ | ४६२४ |
| ६ | पाँचथर | ३०६ | १३६७ |
| ७ | सुनसरी | ३९५ | ३५०८ |
| ८ | तेह्रथुम | २३९ | ७८८ |
| ९ | उदयपुर | ३१५ | १८८१ |
| १० | ललितपुर | ३३७ | १९४६ |
| ११ | बाग्लुङ्ग | ४३१ | १६८२ |
| १२ | कपिलबस्तु | ५२३ | २७८५ |
| १३ | लमजुङ्ग | ४१६ | ११५५ |
| १४ | म्याग्दी | २८५ | ७८८ |
| १५ | पर्बत | ३७९ | १०५० |
| १६ | बाँके | ३४६ | २३०३ |
| १७ | बर्दिया | २६० | २१०२ |
| १८ | दैलेख | ४१९ | १५४० |
| १९ | दाङ्ग | २९७ | २६०६ |
| २० | जाजरकोट | २५७ | १००८ |
| २१ | सुर्खेत | ३७९ | २१०३ |

| | | | |
|---|---|---|---|
| २२ | अछाम | ५०२ | १५०६ |
| २३ | बैतडी | ४५९ | १४७३ |
| २४ | बझाङ्ग | ३३७ | ११४५ |
| २५ | बाजुरा | २०५ | ७९१ |
| २६ | डडेलधुरा | १९३ | ८२६ |
| २७ | दार्चुला | २९१ | ७७९ |
| २८ | डोटी | ३६१ | १२३७ |
| २९ | कैलाली | ३५९ | ३५९७ |
| ३० | कञ्चनपुर | १८७ | २०७६ |
| **जम्मा** | | १०४४९ | ५४६६५ |

## ५८ हात्ती पाइले विरुद्धको औषधि खान योग्य सबै व्यक्तिहरुलाई औषधि खुवाउने (एम. डी. ए.) र औषधि सेवनबारे परामर्श सेवा दिने

### क) स्थानिय/समुदाय स्तरमा स्वास्थ्य स्वयम सेवकहरुको अभिमुखिकरण:

आम औषधि सेवन कार्य सञ्चालन गर्न आबश्यक पर्ने स्वास्थ्य स्वयं सेवक ( महिला स्वास्थ्य स्वयं सेविका र "तालिम तथा कार्यक्रम सञ्चालन निर्देशिका - २०७४" अनुसार स्थानीय रुपमा छनौट गरिएका स्वास्थ्य स्वयं सेवकहरु) हरुलाई आम औषधि सेवन अभियानका बारेमा १ दिने अभिमुखिकरण कार्य सञ्चालन गर्नु पर्नेछ । अभिमुखिकरण कार्यक्रम स्थानिय स्वास्थ्य संस्थाहरुले स्थानिय तहमा नै सञ्चालन गर्नेछन् । कार्यक्रममा प्रति समूह सरदरमा २५ जना सहभागी गराउनु पर्नेछ । अभिमुखिकरण कार्यक्रम सञ्चालन हुँदाका दिन सहभागीहरुलाई यातायात खर्च बापत प्रति ब्यक्ति रु. ४००।- का दरले उपलब्ध गराईनेछ । अभिमुखिकरण कार्यमा स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (अनिवार्य) र अन्य दुई जना गरी जम्मा तीन जना प्रशिक्षकहरु रहनेछन् । प्रशिक्षकको प्रशिक्षण भत्ता प्रति ब्यक्ति रु. ६००।- हुनेछ । त्यसै गरी कार्यालय सहयोगी भत्ता रु. १५०।-, स्टेशनरी रु. ५०।-, खाजा खर्च रु. २००।-, प्रशिक्षण सामग्री रु ५००।- यसै शीर्षकमा बिनियोजित

रकमबाट खर्च हुनेछ । साथै कुनै कारणले ५४ ग अनुसारको गोष्ठीमा सहभागि हुन छुटेका स्वास्थ्यकर्मी भए यस अभिमुखिकरणमा सहभागी गराउन सकिनेछ ।

**नोट : सबै स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवकहरुको अभिमुखिकरण गोष्ठी एक दिनको हुने छ ।**

**ख) औषधि खुवाउने तथा परामर्श सेवा दिनेः**

हात्तीपाइले रोग बिरुद्धको आम औषधि सेवन कार्यको योजना तर्जुमा तथा समीक्षा अभिमुखिकरण गोष्ठीमा सहभागि स्थानिय स्वास्थ्य संस्थाका सबै स्वास्थ्यकर्मी तथा आम औषधि सेवन अभियानको अभिमुखिकरणमा सहभागी सबै स्वास्थ्य स्वयं सेवकहरु प्रत्येकले आफु कार्यरत रहेको स्थानमा तथ्यांक नविकरण गर्दै पहिलो दिन टोलको पाएक पर्ने स्थानमा बसी औषधि खुवाउने साथै दोश्रो र तेश्रो दिन घरदैलोमै भ्रमण गरि औषधी आफ्नै प्रत्यक्ष निगरानीमा खुवाउनु पर्नेछ । शहरी क्षेत्रमा रहेका निजी तथा सरकारी अस्पताल तथा पोलिक्लिनिकहरुमा पनि आम औषधि सेवनका ३ दिन सम्म नै बुथ राखि औषधि खुवाउने कार्य सञ्चालन गरिनेछ । यसरी यस कार्यको लागि जम्मा ३ दिन दिइएको छ । सो तीन दिनको कार्यका लागि स्थानीय स्वास्थ्य संस्थाका सबै स्वास्थ्यकर्मीहरु र तालिम प्राप्त सबै स्वास्थ्य स्वयं सेवकहरु लाई परिचालन गरिनेछ । सो कार्यमा परिचालन हुँदा स्थानीय यातायात खर्च स्वरुप सबै स्वास्थ्यकर्मीहरुलाई रु. ५००। तथा सबै स्वयं सेवकहरुलाई प्रति ब्यक्ति प्रति दिन रु.४००।- प्रदान गरिनेछ । अभिमुखिकरण तथा औषधि खुवाउने कार्यको लागी यसै शीर्षकमा बिनियोजित भएको रकमबाट खर्च गर्नु पर्नेछ ।आम औषधी सेवन अभियानलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्लाको आबश्यकता अनुसार जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुले स्कुल, कलेज तथा बिभिन्न कार्यालयहरुमा समेत बुथ राखी औषधि खुवाउने ब्यबस्था यसै शीर्षकमा बिनियोजित बजेटको परिधि भित्र रहि मिलाउन सक्नेछन् ।

**नोट : औषधि खुवाउने कार्यको अनुगमन र सुपरिवेक्षण गा.पा./न.पा. प्रा.स्वा.के./जिल्ला स्वास्थ्य कार्यालय/जन स्वास्थ्य कार्यालयले गर्नेछ । अनुगमन र सुपरिवेक्षण प्रयोजनको लागि अनुगमन र सुपरिवेक्षण शीर्षकमा रकम छुट्याईएको छ ।**

## ५९ औशधी तथा अन्य सामग्री जिल्लाबाट गा. बि. स. सम्म ढुवानी गर्न स्वयम सेबकको लागी झोला तथा ब्यानर बनाउने र समन्वय समितिको बैठक गर्ने र प्रोफाइल तयार गर्ने

**क. औषधि र सर सामानको ढुवानी :**

जिल्लाबाट सम्बन्धित स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य आबश्यक सरसामानहरु ढुवानी तथा प्याकिङ गर्नको लागि जिल्लालाई एकमुष्ठ रुपमा बजेट छुट्टयाईएको छ । नेपाल सरकारको नियमानुसार जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले औषधि तथा सरसामानको आबश्यक ढुवानी तथा ब्यबस्थापन गर्नु पर्नेछ । सो को लागि यसै शीर्षकमा छुट्टयाईएको बजेट खर्च गर्नुपर्नेछ ।

**ख) ब्यानर तयार गर्ने/टाँस गर्ने :**

आम औषधि सेवन सम्बन्धी सन्देशमूलक ब्यानर तयार गरी मानिसहरुको बढि आवतजावत हुने सार्बजनिक स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ । ब्यानर प्रत्येक स्वास्थ्य संस्थाहरुमा, न.पा/उ म न पा/म न पा का प्रत्येक वडामा १/१ वटा स्थानहरुमा राख्नु पर्नेछ । ब्यानरको साईज कम्तिमा ३X५ को हुनेछ भने लेख्ने सूचना सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले नै तय गर्नेछन । प्रति ब्यानर बढीमा रु. १२००।- सम्म खर्च गर्न सकिनेछ । औषधि खुवाउने दिन भन्दा कम्तीमा २ हप्ता अगाडी नै ब्यानर टाँस गर्नु पर्नेछ ।

**ग) झोला :**

सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले हात्तीपाइले रोग निवारण कार्यक्रम बारे शंदेश/सुचना समेत समाबेश हुने गरि झोला तयार गरी प्रत्येक स्वास्थ्यकर्मी/स्वास्थ्य स्वयं सेवकलाई १/१ थान बितरण गर्नुपर्नेछ । उनीहरुले यस झोलामा औषधि चक्कीहरु, रजिष्टर, कापी, कलम र अन्य आफूलाई आबश्यक पर्ने बस्तुहरु राख्न प्रयोग गर्दछन् । यो झोला उनीहरुलाई कार्यक्रम संचालन बारे दिइने तालिम तथा अभिमुखिकरण पश्चात बितरण गर्नुपर्नेछ । यो झोला जिल्लामा आम औषधि सेवन कार्यमा खटिने सबै स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयं सेवकहरु तथा जिल्लाको योजना तर्जुमा र समिक्षा गोष्ठीमा सहभागीहरुलाई उपलब्ध गराउनु पर्नेछ । यो झोला खरिद गर्नको लागि प्रति झोला रु.२००।- का

दरले खर्च गर्न सकिने गरी यसै शीर्षकमा बजेट विनियोजिन गरिएको छ ।

**घ) जिल्ला स्तरिय समन्वय समिति तथा यस अभियानसँग सम्बन्धित भैपरी आउने मिटिङ खर्चः**

हात्तीपाईले रोग निवारण आम औषधि सेवन अभियान सम्पन्न गर्न जिल्ला स्तरमा रहेको जिल्ला स्तरिय समन्वय समितिको तथा हात्तीपाइले रोग निबारण कार्यक्रमका अन्य आबश्यक बैठकहरु बस्नु पर्ने अबस्थामा बैठक बस्दाका समयमा नेपाल सरकारको नियम अनुसार हुने गरी खाजा खर्च प्रति ब्यक्ती रु २०० तथा समन्वय समितिको बैठक बस्दा बैठक भत्ता प्रति सहभागि रु १०००।- का दरले यसै शीर्षकमा बिनियोजित रकमबाट खर्च गर्न सकिनेछ ।

**ङ) जिल्लाको हात्तीपाइले रोग निबारण कार्यक्रमको हाल सम्मको अवस्था बारेमा जिल्ला प्रोफाईल तयारी तथा प्रकाशन :**

सम्बन्धित जिल्लामा हालसम्म हात्तीपाइले रोग निबारण कार्यक्रममा भए गरेका क्रियाकलापहरु लाइ समेटी हात्तीपाइले रोगको अबस्था र हालसम्मको प्रगति समेत समाबेश गरी पुस्तक प्रकाशन गर्नुपर्नेछ, जसका लागि आवश्यक बजेट समेत यसै शीर्षकमा राखिएको छ ।

## ६० हात्ती पाइले बिरुद्धको आम औषधी सेवान अभियानको प्रचार प्रसार गर्ने

**क) पत्र-पत्रिकामा बिज्ञापन दिने :-**

सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले आम औषधि सेवन अभियानको सुचना तयार गरी बिज्ञापन सुचना जिल्ला स्तरबाट प्रकाशित हुने पत्रिकाहरुमा दिनुपर्नेछ । आफनो जिल्लाबाट प्रकाशित हुने कुनै पनि पत्रिका नभए छिमेकी जिल्लाबाट प्रकाशित हुने पत्रिकामा दिनुपर्नेछ । पत्रिका दैनिक प्रकाशन हुने भएमा बिज्ञापन दैनिक पत्रिकामा दिनु उपयुक्त हुनेछ ।

**ख) रेडियो एफ. एम., टेलिभिजनबाट बिज्ञापन प्रसारण :-**

जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले हात्तीपाइले रोग निबारण कार्यक्रम आम

औषधि सेवन कार्यको सुचना तयार पारी स्थानीय रुपमा रहेका रेडियो, एफ. एम., टेलिभिजन को प्राइम टाईममा प्रसारण गराउनु पर्नेछ । यो सुचना रेडियो एफ. एम., टेलिभिजनबाट औषधी खुवाउने दिन भन्दा कम्तीमा १ हप्ता अगाडी देखि शुरु गर्नुपर्नेछ ।

## ६१ हात्ती पाइले रोग बिरुद्दको औषधी खुवाउने अभियान कार्यक्रमको सुपरिबेक्षण तथा अनुगमन गर्ने

जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट सम्बन्धित बिषयमा ज्ञान तथा तालिम हासिल गरिसकेका जनशक्तीबाट औषधि खुवाउने, परामर्श सेवा तथा तालिम कार्यक्रमको स्थलगत निरिक्षण तथा अनुगमन गर्न गराउन जिल्लाका विभिन्न क्षेत्रमा आबश्यकता अनुसार खटाउनु पर्नेछ । यसै गरी सोही कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण गर्नका लागि प्रा. स्वा. के. /गा.पा./न.पा. बाट समेत तालिम प्राप्त स्वास्थयकर्मीहरु खटाउनुपर्नेछ । सो को दै.भ्र.भत्ता भुक्तानी नेपाल सरकारको नियमानुसार अनुगमन तथा सुपरिबेक्षण बजेट शीर्षकबाट हुनेछ । क्षेत्रिय स्वास्थ्य निर्देशनालयले आफ्नो क्षेत्रभित्र पर्ने जिल्लाहरुमा आम औषधि सेवन अभियानको तयारी, स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवकहरुको तालिम अस्पतालहरुमा भैरहेको हाइड्रोशिल अप्रेशन कार्य लगाएत समग्र हात्तीपाइले रोग निबारण कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य आवश्यकता अनुसार यसै शीर्षकमा रहेको बजेट परीधि भित्र रहि गर्नुपर्नेछ ।

### Monitoring and Surveillance of Lymphatic Filariasis Elimination Program

Epidemiology and Disease Control Division will conduct post MDA Coverage Survey, Transmission Assessment Survey (I, II & III) and Pre Transmission Assessment Survey to monitor Lymphatic Filariasis Elimination (LFE) activities using WHO guidelines and recommendation for monitoring of the program. The ethical review and consent requirements for the monitoring activities are as below:

1. Ethical Review: Nepal follows WHO guidelines and

recommendation in implementation of LFE program activities and monitoring of program results. Therefore, Ministry of Health, EDCD do not need to get ethical review and approval from NHRC.

2. Consent: In case of school based TAS, parents, or guardians are informed through students, teachers, representatives of parents and school management committee about the survey prior to the survey. Survey will be conducted in presence of parents, guardians, teachers and members of school management committee present on that day. Samples should not be taken from child who is not willing to participate in the survey.

नोटः क) आम औषधि सेवन कार्यक्रम संचालन भईरहेका जिल्लाहरुमा बिगतका बर्षहरुमा ज्यादै न्यून कभरेज भएका समुदाय तथा स्थानहरुमा थप कार्यक्रम सञ्चालन गर्दा कभरेज बढाउन सकिने जिल्ला स्वास्थ्य/जनस्वास्थ्य प्रमुख वा फोकल पर्सनलाई महशुस भएमा प्राप्त जुनसुकै शीर्षकबाट बच्न सक्ने रकम बाट जिल्लास्तरमै बढिमा प्रति कार्यक्रम रु. ३०,०००। (तीस हजार मात्र) सम्म खर्च हुने गरि बिशेष कार्यक्रम तयार गरि कार्यालय प्रमुखबाट स्विकृत गराई कार्यक्रम सञ्चालन गर्न सकिनेछ । सो को जानकारी EDCD लाई समेत गराउनुपर्नेछ ।
ख) जिल्ला स्तरमा एम.डि.ए. कार्यक्रम सञ्चालन गर्न तोकिएका फोकल पर्सनहरु (VCO/VCI/VCA/MI) स्थानिय संरचनामा काजमा खटिएका भए कार्यक्रम सञ्चालन अबधिमा जिल्ला स्वास्थ्य/ जनस्वास्थ्य मै रहि कार्यक्रम सम्पन्न गर्ने ब्यवस्था मिलाउनुपर्नेछ ।

## ६२ जिल्ला स्तर मा आवस्यक छपाइ कार्य गर्ने

स्वास्थ्यकर्मीहरु तथा स्वयंसेवकहरुको तालिम तथा कार्य सञ्चालन निर्देशिका बाहेक हात्तीपाईले रोग निवारण कार्यक्रमका लागि आवश्यक पर्ने फर्म फर्म्याट, ब्रोसर, रोग चिन्ने कार्ड, पोष्टर तथा पम्प्लेट, रजिष्टर आदि छपाई कार्यका लागि यस शीर्षक बाट खर्च गरिनेछ । छपाई कार्यका लागि आवश्यक नमुना EDCD

बाट प्राप्त गर्न सकिनेछ ।

## ६३ अस्पताल हरुमा हात्ती पाइले सभिलेन्स कार्यका लागी रक्त नमुना सन्कलन तथा जाच कार्य गर्ने

हात्तीपाईले रोग निवारण कार्यक्रमको नियमित सर्भिलेन्स कार्यका लागि अस्पतालमा भर्ना भएका बिरामीहरुमा हात्तीपाईले रोगका परजीवीहरु रहे नरहेको यकिन गर्नका लागि  रातीको रक्त नमुना संकलन तथा जांच कार्य गर्नका लागि यो शीर्षकको रकम खर्च गरिनेछ । रक्त नमुना संकलन तथा जांच कार्यका लागि आवश्यक स्लाईड, रिजेन्ट, पञ्जा, टेष्ट ट्यूब, सिरिन्ज आदि खरिद गर्न र सो कार्य सम्पन्न गर्नका लागि कार्य गर्ने ल्या.टे./ल्या.अ. तथा ईन्डोरमा कार्य गर्ने नर्सिङ स्टाफको ईन्सेन्टिभ समेत यसै रकमबाट ब्यवस्थापन गरिनेछ । कार्यक्रम राखिएका अस्पतालहरुबाट (यस अघि अभिमुखिकरण सञ्चालन नभएका)  एक एक जना ल्या.टे./ल्या.अ. तथा ईन्डोरमा कार्य गर्ने नर्सिङ स्टाफको लागि EDCD ले अभिमुखिकरण सञ्चालन गर्नेछ । अस्पतालहरुलाई प्राप्त लक्ष अनुसारको कार्य समयमै सम्पन्न गरि EDCD मा प्रतिबेदन पेश गर्नुपर्नेछ । रक्त नमुना संकलनका लागि प्रति केश रु.२०। र जांच कार्यका लागि रु. ३०। ईन्सेन्टिभको रुपमा प्राप्त गर्न सकिनेछ ।

## अनुसुची – १ : Laptop Specification

| SN | Item | Description |
|---|---|---|
| 1. | Eligible Brands | Dell, Sony, HP, Lenovo, ACER and any others |
| 2. | Processor | Minimum Intel Core i5 |
| 3. | Chipset | Intel Express Chipset family |
| 4. | Cache | 6 MB Smart Cache |
| 5. | Display | 14.1" LED Display |
| 6. | Memory | 4 GBDDR3-1333MHz SDRAM extendable |
| 7. | Hard Disk Drive | Minimum 500 GB 5400 RPM SATA |
| 8. | Optical | DVD RW Super Drive |
| 9. | Video Adapter | Integrated Intel Graphics Media Accelerator |
| 10. | Network | Internal 10/100/1000 Gigabit Ethernet Network Interface, 802.11b/g/n compatible wireless, Bluetooth |
| 11. | Webcam | Integrated 2.0 MP or higher Camera |
| 12. | I/O Ports | USB2.0, USB3.0, VGA, HDMI, Head Phone, Integrated Card reader |
| 13. | Battery | 6 Cell Li-ion Battery pack |
| 14. | Operating System | Windows 10 Professional |
| 15. | Warranty | Minimum 2 Years |

## अनुसुची – २ : Health Facility Monitoring Checklist

| | |
|---|---|
| **Name of Health Facility:………………………………………………………………………………………………** | |
| **District:…………………………………… VDC:…………………………………… Tole:……………………………** | |
| **GPS: (E)…………………… (N)………………………. Altitude: ……………..  Date:………………………** | |
| **Monitored by:** | |
| **Name** | **Designation** |
| **1.** | |
| **2.** | |
| **3.** | |
| **Staff met:** | |
| **Name** | **Designation** |
| **1.** | |
| **2.** | |
| **3.** | |

| **S.N** | **Particulars** | **Status** | | **Remarks** |
|---|---|---|---|---|
| | | **Yes** | **No** | |
| **A** | **Background** | | | |
| 1 | Does the facility have own building? | | | |
| 2 | Does the facility have Lab facility? | | | |
| 3 | Does the facility is in accessible area of general people? | | | |
| 4 | Has the facility have been providing services to malaria cases? | | | |
| 4.1 | ***if yes,*** total no. of ***Slide collection (if there is no lab)*** in month | | | |
| 4.2 | ***Total no. of RDT test in month*** | | | |
| 4.3 | ***Total no. of Slide examined(if there is lab) in last month*** | | | |
| 4.4 | Total no. of confirmed cases in month | | | |
| **B** | **HR Status** | **Yes** | **No** | **Remarks** |
| 1 | Has the facility have full Staff ? | | | |
| 2 | Has any staff received malaria related any training ?Like (Basic malaria, Case Base Surveillance) | | | |

| | | | | |
|---|---|---|---|---|
| 2.2 | *if yes, List the no. of staff and name of the trainings* | | | |
| 3 | Do the staffs have basic knowledge on malaria, its testing and treatment procedure? | | | |
| 4 | Do the staff are familiar on RDT? | | | |
| 5 | Can any staff prepare blood smear of suspected cases for microscopy testing | | | |
| 6 | Did the lab staffs receive malaria microscopic training ? | | | |
| *6.1* | *If yes, when and what types of training* | | | |
| **C** | **Essential Drugs and Logistics Management** | **Yes** | **No** | **Remarks** |
| 1 | Do they have malaria drugs and logistics specially Tab. Chloroquine, Tab Premaquine, ACT and RDTs ? | | | |
| *2.1* | *If Yes, did they maintain stock record properly ?* | | | |
| *2.2* | *Did they store the drugs and logistics properly ?* | | | |
| *2.3* | *If no, did they inform to district/region/EDCD regarding stock out situation?* | | | |
| *2.3.1* | *If Yes, When and where?* | | | |
| 3 | Did they face stock out of Essential Drugs and Logisticsfor continuously one week in last month? | | | |
| 4 | Are they distributing LLINs for pregnant women ? | | | |
| *4.1* | *If yes, are they maintaining proper log of the LLINs distribution?* | | | |
| 5 | Do they have HMIS recording and reporting tools? | | | |
| 6 | Did they receive Malaria flip charts ? | | | |
| *6.1* | *If yes, did they distribute to FCHVs ?* | | | |
| 8 | Do they have malaria treatment algorithm ? | | | |
| 7 | Do they send 100% positive & 10% of negative slides regularly for QC? | | | |
| 7.1 | If yes, are they getting timely feedback by QC center? | | | |
| **B** | **Recording and Reporting** | **Yes** | **No** | **Remarks** |
| 1 | Are they sending SMS to MDIS if there is new case? | | | |
| 1.1 | If no, why? | | | |
| 2 | Are they using HMIS from (5.1-if no lab) and registers (5.2 and 5.3) for malaria program? | | | |
| 2.1 | If yes, do they maintain these properly with full information? | | | |
| 2.3 | Do they include RDT testing in 5.2 lab register? | | | |
| 3 | Are they sending monthly malaria report (HMIS-9.3) timely to DHO/ DPHO with full information? | | | |
| 3.1 | If yes, do they maintain a file foroffice copy of HMIS report? | | | |

| | | | | |
|---|---|---|---|---|
| 4 | Do the data in HMIS forms (9.3) correctlyfilled? | | | |
| 4.1 | Do the data verified with lab and treatment registers? | | | |
| 5 | Are they sending LLINs distribution report to DHO/ DPHOregularly? | | | |
| 6 | Do they maintain a folder of referral coupons issued by FCHVs for suspected malaria cases? | | | |
| **Overall Observations and Suggestions** | | | | |
| | | | | |

Report Prepared By

Name: ______________________________________

Signature: ___________________________________

Health Facility In-Charge/Staff

Name:______________________________

Signature: _________________________

# अनुसुची – ३ : Reporting Formats

## १. औलो नियन्त्रण कार्यक्रमका लागि विभिन्न वातावरणीय व्यवस्थापन सम्बन्धि भएका कार्यहरुः

क. वातावरणीय व्यवस्थापन सम्बन्धि भएका कार्यहरुः

ख. वातावरणीय व्यवस्थापन कार्य भएका स्थानहरुः

ग. वातावरणीय व्यवस्थापन कार्य भएको मितिः

घ. वातावरणीय व्यवस्थापन सम्बन्धि कार्यमा उपस्थित कर्मचारी तथा संलग्न व्यीक्तहरुको विवरण :

ङ. वातावरणीय व्यवस्थापन कार्यमा संलग्न ब्यक्तिहरु देखिने गरी खिचेको कार्यक्रमका कम्तिमा चार फोटो :

च. वातावरणीय व्यवस्थापन कार्य मा गरिएको खर्चको संक्षिप्त विवरण

## २. औलो नियन्त्रणकालागि औषधि तथा झुल जिल्लाबाट विभिन्न स्वास्थ्य संस्थाहरुमा आपुर्ति गरिएको स्वास्थ्य संस्थाहरु :

क. औषधिआपुर्ति गरिएको स्वास्थ्य संस्थाहरु

| क.स. | स्वास्थ्य संस्थाहरुको नाम | औषधि तथा अन्य आवश्यक सामाग्रीहरु | | | | | झुल | जम्मा खर्च | आपुर्ति गरिएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Chloroquine | Primaquine | ACT (Coartem) | RDT | Others | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## ३. औलो नियन्त्रण कार्यक्रमको सुपरिवेक्षण, अनुगमनएवम् मूल्याङ्कनगरिएको विबरण :

| क.स. | सुपरिवेक्षण गरिएको स्थान | सुपरिवेक्षण गर्ने ब्यक्तिहरु | सुपरिवेक्षणका क्रममा देखिएका समस्याहरु | समस्या समाधानका लागि गरिएका उपाय तथा दिइएकाआवश्यक सुझावहरु | सुपरिवेक्षणको मिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>सम्पर्क ठेगाना</u>**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**टेकु, काठमाण्ड, नेपाल**
**फोन नं.** : **०१–४२५५७९६**
**फ्याक्स** : **०१–४२६२२६८**
**इमेल** : ewarsedcd@gmail.com
**वेब** : www.edcd.gov.np